का. जि. का. दर्ता नं : १०४ / ०५७ / ०५८
म. क्षे. हु. नि. दर्ता नं : ०८ / ०६७ / ०६८

# अपाङ्ग आवाज

# DISABILITY VOICE

वर्ष २३, अङ्क ९ पूर्णाङ्क २५०, २०७९ पुष

सल्लाहकार
तारा वदन सेडाई

सम्पादक
जगदीश प्रसाद अधिकारी

प्रमुख सम्वाददाता
नबराज सोती

सम्वाददाता
तारानिधि प्याकुरेल

व्यवस्थापक
चन्दा श्रेष्ठ

लेखा
रमिला गौतम

कानूनी सल्लाहकार
शशी श्रेष्ठ

बजार व्यवस्थापक
विकास धिताल

स्थानीय प्रतिनिधि
राजु रेग्मी
दल बहादुर सुनार
विष्णु कुमारी श्रेष्ठ

कभर डिजाइन
Express Designing & Printing PVT.LTD.
Baudha, Kathmandu-01-4916534

मुद्रक
Express Designing & Printing PVT.LTD.
Baudha, Kathmandu-01-4916534

प्रकाशक
नेपाल अपाङ्ग मानव अधिकार केन्द्र
केन्द्रिय कार्यालय
नयाँ बस्ती, गगननगर चोक, काठमाण्डौं,
पो. ब. नं: १९४०८ फोन: ०१ ४९११०९२ ४९११०६९
Email: disabilityvoice05@gmail.com
Web: www.dhrcnepal.org.np

संस्थागत सहयोग रु. १००/-

## यसभित्र

सक्क्षम सेन्ट्रलको परिचयात्मक कार्यक्रम विशेष सामाग्री । ४

१६ अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धिको औचित्य ।

शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय वैकल्पिक तथा निरन्तर शिक्षा शाखाका शाखा अधिकृत दीपक माझीसँग गरिएको अन्तर्वार्तात्मक सामाग्री । २६

३३ नेपाल स्पाइनल कर्ड इन्जुरी खेलकुद सङ्घद्वारा बागमती प्रदेश सभा सदस्य घिमिरेलाई सम्मान ।

नेतृत्व विकास सम्बन्धी तालिम सम्पन्न । ४०

## यो पत्रिकाले एक प्रकारको उत्साह र उर्जा थपेको छ ।

सम्पादक ज्यू, नमस्कार म यो अपाङ्ग आवाज मासिक पत्रिकाको नियति पाठक हुँ । मैले यो पत्रिका नियमित रुपमा अध्ययन गर्ने अवसर पाएको छु । यस पत्रिकामा छापिएका विभिन्न लेख, कविता र अन्य सामग्रीहरु निकै नै मन पर्दछन् । यी सामग्रीहरुलाई पढ्न पाउदा म न्यादै खुसी छु । त्यसैले गाँउ गाँउमा भएका अन्य अपाङ्गता व्यक्तिहरुले पनि यो पत्रिका मार्फत आफ्ना कुराहरु पोख्न पाएका छन् । अपाङ्ग आवाज पत्रिकामा भएका सामग्री मार्फत विभिन्न तालिमको बारेमा जानकारी, अपाङ्गता रोकथाम, सरसफाई, जनचेतनाका कुराहरु जान्ने र बुझ्ने अवसर पाएका छन् । जसले गर्दा अपाङ्गता भएका व्यक्तिहरुलाई यो पत्रिकाले एक प्रकारको उत्साह र उर्जा थपेको छ । तर केही महिना यता पत्रिका ढिलो प्राप्त हुने गरेको छ । किन होला ? यसमा भने अलि दुःख लागेको छ । पत्रिका समयमा नै प्राप्त भएमा राम्रो हुने थियो । सकिन्छ भने पत्रिकालाई समयमा नै पठाई दिन हुन अनुरोध गर्दछु । यो पत्रिकाले अपाङ्गता मात्र नभएर अन्य साङ्ग व्यक्तिहरुको पनि मन जित्न सफल होस र अपाङ्गताको बारेमा समाजमा अझ धैरै जनचेतना फैलीयोस भन्ने कामना गर्न चाहन्छु ।

✍ **रन्जु बराल, इलाम ।**

## अपाङ्ग आवाज मासिक पत्रिकाले चेतनाको दियो बाल्न सहयोग गर्दछ ।

सम्पादक ज्यू नमस्कार । मलाई यो अपाङ्ग आवाज मासिक पत्रिका अति नै ज्ञानवर्द्धक र उपयोगी लाग्दछ । त्यसैले म यो पत्रिका नियमित पढ्ने गर्दछु । यो पत्रिकाले हाम्रो समाजमा आज पनि अपाङ्गता भएका व्यक्तिहरुलाई नकारात्मक रुपमा हेर्ने र पूर्वजन्मको पापको रुपमा लिने गरिन्छ । समाजका धैरै जसो व्यक्तिहरुले अझै पनि अपाङ्गता भएका व्यक्तिहरुको संवेदनशिलतालाई बुझ्ने प्रयास गरेको पाइदैन । यो समस्या विशेष गरी सहरी क्षेत्रमा भन्दा पनि ग्रामीण क्षेत्रमा व्यापक रहेको अवस्था छ । यस्तो अवस्थामा यो अपाङ्ग आवाज मासिक पत्रिकाले समाजमा रहेका केही त्यस्ता व्यक्तिहरुको मानसपटलमा चेतनाको दियो बाल्न सहयोग गरेको छ । हाम्रो गाँउका केही व्यक्तिहरुले पनि यो पत्रिका अध्ययन गर्ने अवसर पाउनु भएको थियो । जसले अपाङ्गताको बारेमा नकरात्मक सोच राख्न नहुने रहेछ । कुनै पनि समयमा जो पनि अपाङ्गता बन्न सकिने सम्भावना भएको कुराको अनुभुति गर्नु भएको पनि पाए । त्यसैले आगामी दिनहरुमा यो पत्रिकाले यसरी नै समाजमा रहेका अपाङ्गता भएका व्यक्तिहरु प्रति सकारात्मक सोचको विकासको लागि सहयोग गरोस् भन्ने शुभकाना व्यक्त गर्दछु ।

✍ **विवेक कार्की,नुवाकोट।**

सम्पादकीय

# अपाङ्गता भएका व्यक्तिहरुका अधिकार सुनिश्चित गर ।

अपाङ्गता मानव हुनुको एक हिस्सा हो। लगभग सबैले आफ्नो जीवनको कुनै न कुनै बिन्दुमा अस्थायी वा स्थायी रूपमा असक्षमताको अनुभव गर्नेछन् । विश्वको जनसंख्याको लगभग १५% हाल अपाङ्गताको अनुभव गर्छन् । नेपालको संविधान, २०७२ ले प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक, समानताको हक, सामाजिक न्यायको हकलाई मौलिक हकका रूपमा सुनिश्चित गरेको छ । तथापी अपाङ्गता भएका व्यक्तिहरुले भने उक्त अधिकारको उपभोग गर्न पाएको देखिदैन । अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ ले पनि अपाङ्गता भएका व्यक्तिहरुका सवालमा थुप्रै व्यवस्था गरेको भए पनि ति व्यवस्थाहरु व्यवहारमा लागु भएका पाईदैनन् । विभिन्न अनुसन्धान प्रतिवेदनहरूले विश्वव्यापी रूपमा अपाङ्गता भएका व्यक्तिहरूको सङ्ख्या बढ्दै गएको सङ्केत गर्दछ। नेपालको आधिकारिक जनगणना (२०६८) अनुसार कुल जनसंख्याको १.९४% अपाङ्गता भएका व्यक्तिहरु रहेका छन भनेको छ यद्दपी अपाङ्गता क्षेत्रमा काम गर्ने संघ स्स्थाले भने उक्त दर भन्दा धेरै अपाङ्गता भएका व्यक्तिहरु रहेको निष्कर्स निकालेका छन । संख्या जतिसुकै भए पनि प्रत्येक नागरिकको अधिकार सुनिश्चित गराउने काम राज्यको हो । सरकारकै तथ्यांकलाई आधार मान्ने हो भने पनि राज्यले उक्त जनसंख्याको लागि आवश्यक पर्ने कार्यक्रम तय गरेको देखिदैन । कानुनी तथा नीतिगत तहबाट केहि हदसम्म अपाङ्गता भएका व्यक्तिहरुका सवालहरु सम्बोधन गरेको जस्तो भए पनि सरकारले ल्याउने नीति कार्यक्रमहरुमा ति सवाल खास्सै समेटेको पाइदैनन । शिक्षा स्वास्थ जस्ता आधारभूत आवश्यकताहरुबाट समेत अपाङ्गता भएकै कारण कतिपय ठाउमा वन्चित भएको थुप्रै उदाहरणहरु पाइन्छन । हरेक वर्ग समुदायमा अपाङ्गता भएता पनि राज्यको नजरमा बने अन्य वर्ग समुदाय जति अपाङ्गता वर्ग परेको देखिदैन । राज्यले सुखी नेपाली समृद्द नेपालको अवधारणा अपनाएर काम गरिरहदा अपाङ्गता भएका व्यक्तिहरुका सवालहरु सम्बोधन नगरी त्यो गन्तव्य पुग्न कठिन देखिन्छ किनभने दिगो विकासको लक्ष्यले समेत कोहि पनि पछाडी नपरुन कोहि पनि नछुटुन भन्ने अवधारणा लागु गरिसकेको छ । यो मनन्यतामा सहमती जनाएको नेपालले भने अरु वर्ग समुदायको तर्फबाट पटक पटक राज्यको निकायमा उनीहरुको प्रतिनिधित्व दोहोर्याउने गरे पनि अपाङ्गता भएका व्यक्तिहरुलाई भने एक पटक समेत प्रतिनिधित्व नगराउने अवस्था अहिले सम्म विद्यमान रहेको छ । तसर्थ अपाङ्गता भएका व्यक्तिहरु पनि हाम्रै समाजका अन्य नागरिक सरह का व्यक्ति हुन् उनीहरुका आवश्यकता र चाहना हाम्रै हुन् भन्ने सोचले राज्य देखि राज्यका निकायले अपाङ्गता भएका व्यक्तिहरुका अधिकार सुनिश्चित गराउन प्रभावकारी रुपमा काम गर्नु आजको आवश्यकता हो ।

# सक्षम सेन्ट्रलको परिचयात्मक कार्यक्रम विशेष सामाग्री ।



अपाङ्गता भएका व्यक्तिहरूको आर्थिक सबलीकरण तथा समावेशी रोजगारको लागि यु.एस.एआईडी (USAID) को सहयोग एवम् डिसेबिलिटी एन्ड डेब्लोपमेण्ट पार्टनर डी.डी.पी युकेको कार्यान्वयनमा नेपाल अपाङ्ग मानव अधिकार केन्द्र, अपाङ्गता भएका महिलाहरूको महासङ्घ नेपाल, परिलक्षित संस्था, श्रुति- राष्ट्रिय सुस्त श्रवण तथा पछि बहिरा भएकाहरूको संस्था र अपाङ्ग कल्याण सङ्घ धादिङको साझेदारीमा सञ्चालन हुन लागेको सक्षम सेन्ट्रलको परिचयात्मक कार्यक्रम हालै काठमाण्डौँ र धादिङ्गमा सम्पन्न भएको छ । नेपाल अपाङ्ग मानव अधिकार केन्द्रका अध्यक्ष तारा वदन सेडाईको अध्यक्षता तथा गोकर्णेश्वर नगरपालिकाका उपप्रमुख सान्नानी लामाको प्रमुख आतिथ्यतामा सम्पन्न भएको सो कार्यक्रममा नेपाल सरकार महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयका उपसचिव एवं अपाङ्गता अधिकार प्रवर्धन शाखाका शाखा प्रमुख जमुना मिश्र, गोकर्णेश्वर नगरपालिका वडा ५ का वडा अध्यक्ष एवं नगरपालिका प्रवक्ता नारायण बहादुर सुबेदी, नेपाल अपाङ्ग मानव अधिकार केन्द्रका संस्थापक अध्यक्ष तथा राष्ट्रिय अपाङ्ग महासङ्घ नेपालका पूर्व अध्यक्ष सुदर्शन सुबेदी, राष्ट्रिय अपाङ्ग महासङ्घ नेपालका अध्यक्ष देवीदत्त आचार्य, यु.एस.एडका प्रतिनिधि निरुपमा राई लगायतको आतिथ्यता रहेको थियो भने अपाङ्गता क्षेत्रमा काम गर्ने

सङ्घ सस्थाका प्रमुख एवं प्रतिनिधिहरू सहित ७० जना भन्दा बढीको उपस्थिति रहेको थियो।

१ नोभेम्बर २०२२ देखि सुरु भएर ३० अक्टोबर २०२५ सम्म सन्चालन हुने यु.एस.एआईडी सक्क्षम सेन्ट्रल कार्यक्रमको मूल उद्देश्य अपाङ्गता भएका व्यक्तिहरुको परिचालन, तालिम र जीविकोपार्जन मार्फत ग्रामिण र शहरी क्षेत्रमा अपाङ्गता भएका व्यक्तिहरुको आर्थिक सशक्तिकरण र राष्ट्रिय स्तरमा समावेशी रोजगार प्रवर्धन गर्नु रहेको छ । गोकर्णेश्वर नगरपालिका, काठमाडौ महानगरपालिका र थाक्रे गाउँपालिका, धादिङ परियोजना स्थल रहेका यु.एस.एआईडी सक्क्षम सेन्ट्रल कार्यक्रम मार्फत अपाङ्गता भएका व्यक्तिहरू, स्थानीय सरकार र सरोकारवाला निकायहरू लक्षित समूहमा पर्दछन । जीविकोपार्जन मार्फत ३६० जना अपाङ्गता भएका व्यक्ति (५०% भन्दा बढी अपाङ्गता भएका महिला) जसमा १८० थाक्रे गाउँपालिका र १८० गोकर्णेश्वर नगरपालिका र २२४ जना अपाङ्गता भएका व्यक्तिहरु जस अन्तर्गत १३० जनाले कम्प्युटर तालिम, ६० जनाले व्यावसायिक तालिम, ३४ जनाले लोक सेवा तयारी कक्षाको अवसर प्राप्त गरी यस प्ररियोजना मार्फत प्रत्यक्ष लाभ लिनेछन। उक्त यु.एस.एआईडी सक्क्षम सेन्ट्रल कार्यक्रममा परिचयात्मक कार्यक्रम, कर्मचारी तालिम, टेलिभिजन तथा रेडियो कार्यक्रम निर्माण तथा प्रसारण र मासिक पत्रिका प्रकाशन, २० वटा समूह निर्माण गरी (१० वटा थाक्रे/१० वटा गोकर्णेश्वरमा), समूह सञ्चालन सम्बन्धी तालिम, नेतृत्व विकास, वकालत तथा अपाङ्गता अधिकार सम्बन्धी तालिम, जीविकोपार्जन कार्यक्रम, समावेशी रोजगारको लागि मिडिया मार्फत वकालत, बजारको आवश्यकता मुल्याङ्कन, १३० जना अपाङ्गता भएका व्यक्तिहरुलाई कम्प्युटर तालिम, ६० जनालाई व्यावसायिक तालिम,३४ जनालाई लोक सेवा तयारी कक्षा, सफलताका कथा तथा भिडियो प्रकाशन तथा प्रसारण, पुनर्स्थापना तथा परामर्शको लागि सिफारिस तथा समन्वय, समावेशी रोजगारीको लागि अभियान र उत्कृष्ट रोजगार दातालाई सम्मान यु.एस.एआईडी सक्क्षम सेन्ट्रलका प्रमुख कार्यक्रमहरु रहेका छन।

समावेशी र समतामुलक समाजको निर्माणको लागि सामाजिक, आर्थिक र राजनीतिक तहमा अपाङ्गता भएका महिलाहरुले अर्थपूर्ण सहभागिताका साथ अन्य नागरिक सरह सम्मानीत एवम् गुणस्तरिय जीवनयापनको परिकल्पनाका साथ अपाङ्गता भएका महिलाहरूको मानव अधिकारको प्रवर्द्धन तथा संरक्षणमा गर्ने उदेश्यले वि.स. २०७७ सालमा स्थापना भएको अपाङ्गता भएका महिलाहरूको नेतृत्वमा रहेको एउटा छाता संगठन हो। अपाङ्गता भएका महिलाहरुको ९ सदस्य संस्थाहरुद्वारा सुरु गरिएको अपाङ्गता भएका महिलाहरुको महासंघ

अहिले नेपालसँग ७ वटै प्रदेशमा अपाङ्गता भएका महिलाहरुको सञ्जाल रहेको छ । शिक्षा, स्वास्थ्य, रोजगार, सामाजिक सुरक्षा, सञ्चार, पुर्नःस्थापना र खेलकूद लगायत अपाङ्गता भएका महिला र बालिकासँग सम्बन्धित अनुसन्धान तथा बिबिध कार्यहरु मार्फत सहजीकरण, सचेतना अभिबृद्धि तथा पैरवी जस्ता कार्यहरु अघि बढाइरहेको अपाङ्गता भएका महिलाहरुको महासंघ नेपाल यु.एस.एआईडी सक्षम सेन्ट्रल कार्यक्रमको एक साझेदार सस्थाको रुपमा रहेको छ । यु.एस.एआईडी सक्षम सेन्ट्रल परियोजना अन्तर्गत महासंघले काठमाडौ जिल्लाको गोकर्णेश्वर नगरपालिकामा रहेका १८० अपाङ्गता भएका व्यक्ति, त्यसमा पनि विशेष गरी अपाङ्गता भएका महिलालाई प्राथमिकताका साथ जीविकोपार्जनमा जोड्ने छ भने १० वटा समूहहरु निर्माण गरी बिउ पुजी मार्फतको रकमलाई परिक्रमा कोष (revolving fund) को रुपमा समूहमा परिचालन गर्नेछ । यति मात्रै नभई उक्त समूहका सदस्यहरूलाई क्षमता विकास तथा जीविकोपार्जन तालिमका लागि महासंघले नेतृत्व लिनेछ ।

त्यसैगरी यु.एस.एआईडी सक्षम सेन्ट्रल परियोजनाको अर्को साझेदार सस्था हो श्रुति (राष्ट्रिय सुस्त श्रवण तथा पछि बहिरा भएकाहरूको संस्था) । श्रुति संस्था स्वयम सुस्त श्रवण तथा पछि बहिरा भएका व्यक्तिहरुद्वारा आफुले भोगेको समस्याको आधारमा आफ्नो समस्या समाधानका लागि एकजुट भएर सुस्त श्रवण र पछि बहिरा भएका व्यक्तिहरूका मुद्दा तथा सवालहरुलाई सम्बोधन गर्ने उद्देश्यका साथ वि. सं. २०६९



सालमा स्थापना भएको सामाजिक संस्था हो। सुनाई क्षमतामा कमि भएका व्यक्तिहरुको पहिचान गरी उनिहरुसँग सम्पर्क बढाउने, उनीहरुका समस्या समाधानका लागि सहयोग गर्ने,सुनाई क्षमतामा कमी भएका व्यक्तिहरुका अधिकारको बारेमा आवाज उठाउने, जनचेतनाको अभिवृद्दी लगायतका सवालमा कार्य गरिरहेको श्रुतिले सक्क्षम सेन्ट्रल कार्यक्रम अन्तर्गत काठमाडौ जिल्लामा रहेका १३० जना अपाङ्गता भएका व्यक्तिहरुलाई समावेशी रोजगारमा समावेश गर्न कम्प्युटर तालिम प्रदान गर्न नेतृत्वदायी भूमिका खेल्नेछ।

बि.सं. २०५८ सालमा स्थापना भएको परिलक्षित संस्थाले अपाङ्गता भएका र दलित, महिला, जनजाती तथा अति सिमान्तकृत व्यक्तिहरुका लागि छात्रवृत्ति तथा शसक्तिकरण कार्यक्रम संचालन गदै आईरहेको छ । अपाङ्गता भएका र दलित, महिला, जनजाती तथा अति सिमान्तकृत व्यक्तिहरुका लागि छात्रवृति वितरण, शैक्षिक सामाग्री वितरण, सिपमुलक क्षमता अभिवृद्धि तालिम, बहिरा विद्यार्थीहरुको शिक्षक/शिक्षिकाहरुका लागि साकेतिक भाषा तालिम, अपाङ्गता भएका व्यक्तिहरुको जीविकोपार्जन सुधारका लागि कृषि तथा पशुपछी सम्बन्धि तालिम, समुह शसक्तिकरण सबन्धी तालिम, व्यावसायिक ( सिलाइ, ब्उटिपालर ,रिप्रेरिङ्ग ) तालिम कार्यक्रमहरु रहेको परिलक्षित सस्था यु.एस.एआईडी सक्क्षम सेन्ट्रल परियोजनाको अर्को साझेदार सस्था हो । यस सस्थाले यु.एस.एआईडी सक्क्षम सेन्ट्रल परियोजना अन्तर्गत ६० जना अपाङ्गता भएका व्यक्तिहरुलाई व्यावसायिक तालिम र ३४ जना अपाङ्गता भएका व्यक्तिहरुलाई लोक सेवा तयारी कक्षाहरु सन्चालन गर्नेछ।

अपाङ्गता भएका व्यक्तिहरुद्वारा अपाङ्गता भएका व्यक्तिहरुको हक अधिकार स्थापित एवम् संरक्षण तथा संवर्द्धन गर्ने उद्देश्यका साथ वि.सं २०५६ सालमा स्थापना भएको नेपाल अपाङ्ग मानव अधिकार केन्द्र नेपाल सरकार, नागरिक समाज र निजी क्षेत्रसँग सहकार्य गर्दै आइरहेको राष्ट्रिय स्तरको एक गैर सरकारी संस्था हो । अपाङ्गता भएका व्यक्तिहरुलाई निशुल्क कानुनी सहायता उपलब्ध गराउनुका साथसाथै यो सस्थाले रेडियो कार्यक्रम (हरेक हप्ताको आईतबार विहान ७:३०-८:०० बजे रेडियो कान्तिपुरबाट प्रसारण भईरहेको), अपाङ्ग आवाज मासिक पत्रिका प्रकाशन र अपाङ्गता आवाज टेलिभिजन कार्यक्रम (हरेक हप्ताको विहिबार बेलुका ६:००- ६:३० बजे सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयको सहयोगमा नेपाल टेलिभिजनबाट प्रशारण भईरहेको ) जस्ता माध्यमहरुको प्रयोग गरी अपाङ्गता भएका व्यक्तिहरुका सवालहरुलाई

आम जनमानससम्म पुर्याइ उनीहरुका हक हित एवम् अधिकारहरुलाई सुनिश्चित गर्न सघाउ पुग्ने जस्ता कार्यहरु गर्दै आइरहेको यो सस्था यु.एस.एआईडी सक्षम सेन्ट्रल कार्यक्रमको लागि नेपालको प्रमुख साझेदार सस्था हो। यस परियोजना अन्तर्गत समावेशी रोजगारको लागि मिडिया मार्फत वकालत, बजारको आवश्यकता मुल्याङ्कन, सफलताका कथा तथा भिडियो प्रकाशन तथा प्रसारण, राष्ट्रिय अपाङ्ग महासंघ नेपाल, अपाङ्गता सम्बन्धी काम गर्ने संघ संस्था, रोजगारदाता, उद्योग वाणिज्य महासंघ जस्ता संघ सस्थाहरुसँगको समन्वय एवम् सहकार्यमा steering group निर्माण, अपाङ्गता भएका व्यक्तिहरुलाई अन्य नागरिक सरह रोजगारीमा समावेश गर्न वकालता तथा पैरवी जस्ता कार्यक्रमहरु नेपाल अपाङ्ग मानव अधिकार केन्द्रले गर्ने छ। अपाङ्गता भएका व्यक्तिहरुको मानव अधिकार संरक्षणका लागि काम गरिरहेको अपाङ्ग कल्याण संघ धादिङ सक्षम सेन्ट्रल कार्यक्रमको एक साझेदार सस्था हो। धादिङ जिल्लाको थाक्रे गाउँपालिकामा सक्षम सेन्ट्रल कार्यक्रम मार्फत सन्चालन हुने कार्यक्रमलाई यसै सस्थाले नेतृत्व लिनेछ। वि.स.२०५१ सालमा स्थापना भएको अपाङ्ग कल्याण संघ धादिङले तथ्याङ्क संकलन र अपाङ्गता पहिचानका लागि जिल्लामा सक्रिय रुपमा कार्य गर्नुका साथै

## सक्षम सेन्ट्रल कार्यक्रमलाई अझै डिजिटलाइज बनाउने कुरालाइ ध्यान दिनुपर्छ।



**सुदर्शन सुवेदी**
सस्थापक अध्यक्ष
नेपाल अपाङ्ग मानव अधिकार केन्द्र

यु एस ए आइ डिको इन्सेन्टिभ भनौं अमेरिकि जनताको सहयोग तथा विशेष गरेर कन्सोटियमबाट सक्षम सेन्ट्रल कार्यक्रम अगाडि बढिरहेको छ। यो कार्यक्रम अत्यन्तै सान्दर्भिक छ। सक्षम सेन्ट्रल कार्यक्रमलाइ अझै डिजिटलाइज कसरी गर्न सक्छौं भन्ने कुरालाइ ध्यान दिनु पर्छ। टेक्नोलोजिमा बढी प्रयोग गर्नुपर्छ। लोकसेवाको तयारी कक्षा तथा उनीहरुलाई डिजिटलाइज इम्प्लोइमेण्ट जस्तो क्लाउड फ्याक्ट्रिको कुरा हुन सक्छ। डिजिटल मार्केटिङ्गको कुरा हुन सक्छ। लोकसेवाको तयारी गर्नु यो कार्यक्रमको मोटो लक्ष हो। यसको साथसाथै दुई चार वटा कक्षाहरुलाई अलिकति रिभियु गरेर डिजिटलाइजको कुराहरुमा जोड्न सकियो भने अपाङ्गता भएका व्यक्तिहरुको लागि एउटाबाट भएन भने अर्को विकल्प हुन सक्छ।

अपाङ्गता भएका व्यत्तिहरुको अधिकार स्थापित गरी समावेशी समाज निर्माण, समुदायमा अधारित पुन स्थापना कार्यक्रम सञ्चालन, धादिङ जिल्लामा साहायक सामाग्री उपलव्धताका लागि प्राविधिक सहयोग र शिफारिस जस्ता विषयहरुमा पनि कार्यहरु गर्दै आइरहेको छ । यस सस्थाले अपाङ्गता भएका व्यत्तिहरुलाइ र विपन्न महिलाहरुका लागि सिप विकास सम्बन्धि लामो समय सम्म सिलाइ तालिम सञ्चालन, अपाङ्गता लक्षित कम्प्यूटर तालिम , सिन्के धुप वनाउने कार्यक्रम लगायतका स्वरोजगारमुलक छोटा अवधिका तालिमहरु, अपाङ्गता भएका व्यत्तिहरुलाइ अधिकार सम्वन्धि तालिमहरु, जीविकोपार्जन सम्बन्धि कार्यक्रम, समावेशि शिक्षा, स्वास्थ सम्बन्धि गतिविधि सञ्चालन, नमुना भौतिक सरचनाको निर्माण र सञ्चालन, विपद व्यावस्थापन र सहयोग, समाजिक परिचालन र अपाङ्गता शशत्तिकरणमा सहयोग, विभिन्न तहका

## विभिन्न समस्याहरुलाई समाधान गर्ने अवसर सक्क्षम सेन्ट्रल कार्यक्रमले दिएको छ ।



**गुणराज खतिवडा**
अध्यक्ष
अपाङ्ग कल्याण संघ, धादिङ्ग

अपाङ्गता भएका व्यक्तिहरुको मानव अधिकार कसरि संरक्षण हुन्छ भन्ने कुरा हो । त्यसैलाइ आधार मानेर हामीले कार्यक्रम गरिरहेका छौं । अपाङ्गता भएका व्यक्तिहरुले केहि गर्न सक्दैनन् भन्ने मानसिकता छ । हामीले यो आय आर्जनमा जोडिसकेपछी के गर्न सक्दैनन् । जे पनि गर्न सक्दछन । समाज र अपाङ्गता भएका अविभावकलाई समेत बुझाउनु पर्ने भएको हुनाले हामीले सक्क्षम सेन्ट्रल कार्यक्रम सुरु गर्दै छौँ । । हामीसँग काम गर्ने वेलामा के समस्या भइरहेको छ भने हामीसंग डाटा छैन । बैशाखी कति जनालाइ किन्ने? बैशाखी टेक्ने कति छन । ह्विलचियर कति जनालाइ दिने ह्विलचियर चढ्ने कति जना छन । व्यवसाहिक तालिम कति जनालाइ दिने त ? यस्ता विषय वस्तुलाई छलफल गरेर कसरी प्राप्त गर्न सकिन्छ र वडा भरिको डाटा कसरी लिन सकिन्छ । कनकी राज्यले दिएको डाटा काम गर्दा ठ्याक्कै मिल्दैन । यस्ता किसिमका समस्याहरुलाई हामी सबै बसेर काम गर्ने वातावरण श्रृजना गर्न आजको यो भेलाले अवसर मिलाएको छ ।

सरकारका कार्यक्रम कार्यन्वयनमा सहयोग जस्ता क्रियाकलापहरु पनि गर्दै आइरहेको छ। सक्षम सेन्ट्रल कार्यक्रम अन्तर्गत थाक्रे गाउँपालिकामा रहेका अपाङ्गता भएका व्यक्तिहरु मध्य १८० जनालाई जीविकोपार्जनमा जोड्नु अपाङ्ग कल्याण संघ धादिङको प्रमुख कार्यक्रम हो।

अपाङ्गता भएका व्यक्तिहरुको हक, हित र अधिकारलाई सुनिश्चित गर्ने उदेश्यले वि.स. २०५० सालमा स्थापना भएको राष्ट्रिय अपाङ्ग महासंघ नेपाल देशभरी रहेका अपाङ्गता भएका व्यक्तिहरुका संघ सस्थाहरुको छाता संगठन हो। अपाङ्गता समावेशी संरचना, कानून, प्रणाली, सेवामा पहुँचको सुरक्षा, सुरक्षाका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरकारी तथा गैरसरकारी निकाय, संयुक्त राष्ट्र संघका निकायहरूसँग समन्वय र साझेदारीमा काम गरिरहेको राष्ट्रिय अपाङ्ग महासंघ नेपालले क्षमता अभिवृद्धि, सामाजिक, राजनीतिक, सांस्कृतिक र आर्थिक क्षेत्रमा अपाङ्गता भएका व्यक्तिहरूको अर्थपूर्ण सहभागिता प्रवर्द्धन जस्ता सवालमा पनि वकालत एवम् पैरवी गर्दै आइरहेको छ। अपाङ्गता भएका व्यक्तिहरूको आर्थिक सबलीकरण तथा समावेशी रोजगारको लागि सञ्चालन हुन लागिएको परियोजना सक्षम सेन्ट्रलको परिचयात्मक कार्यक्रममा यस राष्ट्रिय अपाङ्ग महासंघ नेपालका अध्यक्ष देवी दत्त आचार्यको पनि आतिथ्यता रहेको थियो। त्यती मात्र हैन सक्षम सेन्ट्रल कार्यक्रम अन्तर्गत समावेशी रोजगारीको लागि अभियानमा छाता संगठनको नाताले राष्ट्रिय अपाङ्ग महासंघ नेपालको अभिभावकिय भूमिका पनि रहनेछ।

**राष्ट्रिय अपाङ्ग महासंघ नेपाल यो कार्यक्रमलाई सफल बनाउन सहयोग गर्नेछ।**

प्रत्यक्ष अपाङ्गता भएका व्यक्तिहरु साना साना रोजगारमा संम्लग्न भएर आफ्नो जीवन शैली परिवर्तन भएको सफलताको कथाहरु मार्फत सरकारको नीति तथा कार्यक्रममा बजेट तर्जुमाको लागि पनि महत्वपूर्ण सहयोग पुग्नेछ भन्ने मलाइ विस्वास लागेको छ। यसको लागि राष्ट्रिय अपाङ्ग महासंघ नेपाल हाम्रा अग्रजहरुसंग सहकार्य गरेर त्यो अभियान चलाउन चाहान्छ। यो कार्यक्रमलाइ निरन्तर सहयोग गर्ने प्रतिवद्धता व्यक्त गर्न चाहान्छु।



**देखीदत्त आचार्य**
सदस्य
राष्ट्रिय अपाङ्ग महासंघ
नेपाल

"ग्रामीण महिलाका लागि उत्पादन ऋण व्यवस्था कार्यक्रम" को रुपमा आ.व. २०३९/०४० मा शुरु भएको महिला विकास अभियान कार्यक्रमहरुबाट प्राप्त उपलव्धी, अनुभव र समसामयिक आवश्यकताका आधारमा २०५२ असोज ६ गते " महिला तथा समाज कल्याण मन्त्रालय" को स्थापना भएको थियो। महिला तथा समाजका विभिन्न वर्गको सामाजिक, आर्थिक तथा राजनीतिक सशक्तिकरण गर्दै दिगो शान्ति एवं विकासमा उनीहरुको भूमिकालाई सशक्त बनाउने कार्यमा संलग्न महिला तथा समाज कल्याण मन्त्रालयको नाम बालबालिकालाई अझ उच्च प्राथमिकता दिने हेतुले २०५७ सालमा परिवर्तन गरी "महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय" नामाकरण गरिएको



थियो । त्यसै अनुरुप २०७४ सालबाट यस मन्त्रालयको नाम महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय रहेको छ । यस मन्त्रालयले अपांगता भएका व्यक्तिहरुको हक हित एवं अधिकार स्थापित गर्न मान्त्रालयले गर्नुपर्ने कार्यहरुलाई मध्यनजर गरी एउटा छुट्टै शाखा नै स्थापना गरेको छ जसको नाम अपाङ्गता अधिकार प्रवर्धन शाखा रहेको छ । तसर्थ पनि अपाङ्गता भएका व्यक्तिहरुले महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयलाई आफ्नो अभिभावक मन्त्रालयको रुपमा लिने गर्दछन । यसै अनुरुप अपाङ्गता भएका व्यक्तिहरूको आर्थिक सबलीकरण तथा समावेशी रोजगारको लागि सञ्चालन हुन लागेको परियोजना सक्षम सेन्ट्रलको परिचयात्मक कार्यक्रममा यसै शाखाका शाखा प्रमुख जमुना मिश्रको पनि आतिथ्ययता रहेको थियो । अपाङ्गता भएका व्यक्तिहरुको लागि जीविकोपार्जन, कम्प्युटर तालिम, लोकसेवा तयारी कक्षा सन्चालन जस्ता कार्यक्रम रहेको यस सक्षम सेन्ट्रल कार्यक्रमको मूल एजेन्डा नै आर्थिक शसक्तिकरण हो । तसर्थ यस

## अपाङ्गता भएका व्यक्तिहरुको आर्थिक सशक्तीकरणको सहयोग गर्दै आइरहेका छौं।



**जमुना मिश्र**
**उपसचिव**
महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय

पक्कै पनि आर्थिक शसक्तिकरणका क्षेत्रमा यो कार्यक्रम सन्चालन हुंदै छ । यसले भोलिका दिनमा पक्कै पनि हाम्रा अपाङ्गता भएका व्यक्तिहरुको हक अधिकारको सुनिश्चितता आर्थिक शसक्तिकरणको क्षेत्रमा सहयोग पुर्याउने नै छ भन्ने हामीले आशा राखेका छौं । मन्त्रालयबाट ससर्त अनुदानमा विनियोजन भएको वजेट विभिन्न सरोकारवाला संघ संस्थाहरुले कार्यक्रम गरिरहनु भएको छ । उहाँहरुलाइ पनि मन्त्रालयको तर्फबाट अहिले हामीले आर्थिक शसक्तिकरण र क्षमता एवं शीप विकासको क्षेत्रका कार्यक्रम हरुमा फोकस गरेर अगाडि बढौं भने आय आर्जनमा सहयोग गर्छ । अपाङ्गता भएका व्यक्तिहरुको आय आर्जनमा सहयोग गर्दछ । रोजगारलाइ उन्मुख गराउँनलाइ सहयोग गर्छ । यस्ता कार्यक्रममा आगामी दिनमा अगाडि बढ्नु पर्छ भन्ने हिसाबले मन्त्रालयले पनि यस्ता योजनाहरु ल्याएका छ । हामी हाम्रा सरोकारवाला संघ संस्थाहरुलाइ राय सुझावहरु प्रदान गर्दै आइरहेका छौं ।

कार्यक्रमलाई सफल बनाउनु एउटा व्यक्ति वा सस्थालाई मात्रै नभई सिंङ्गो अपाङ्गता भएका व्यक्तिहरुका सवालहरुलाई नै नयाँ उचाइमा समेत पुर्याउनु हो । जसका लागि स्थानिय तह निजि क्षेत्र एवं संघिय सरकार कटिबद्द भएर लाग्नुपर्ने देखिन्छ ।

नेपाल सरकारको मिति २०७३।११।९ को निर्णय अनुसार मिति २०७३।११।२७ मा राजपत्रमा प्रकाशन भएपछि थाक्रे गाउँपालिका गठन भएको हो । स्थानिय तह पुर्न संरचना हुँदा धादिङ जिल्लाका साविक केवलपुर, थाक्रे, तसर्पु, भूमेस्थान र गोगनपानिका वडा नं. ५, ६, ७ र ८ मिलाएर थाक्रे गाउँपालिका निर्माण भएको छ । हाल यस गाउँपालिकामा ११ वटा वडाहरु छन् । यसरी निर्माण भएको थाक्रे गाउँपालिकाको क्षेत्रफल ९६.४१ वर्ग कि.मी. रहेको छ । यसको सिमाना पूर्वमा धुनिबेशी न.पा, पश्चिममा गल्छी गा.पा, उत्तरमा गल्छी गा.पा. र नुवाकोट जिल्ला र दक्षिणमा मकवानपुर जिल्ला रहेको छ । काठमाण्डौबाट यस गाउँपालिका ३२.५ कि.मी. दूरीमा रहेको छ । राष्ट्रिय जनगणना २०६८ अनुसार यस गाउँपालिकाको जनसंख्या ३२,९१४ रहेको छ । सक्षम सेन्ट्रल परियोजनाले यसै गाउँपालिकामा रहेका १८० जना अपाङ्गता भएका व्यक्तिहरुलाई प्रत्यक्ष जीविकोपार्जन सम्बन्धि कार्यक्रममा जोड्ने लक्ष्य लिएको छ । सक्षम सेन्ट्रल कार्यक्रमले थाक्रे गाउँपालिकामा रहेका अपाङ्गता भएका व्यक्तिहरुलाई जीविकोपार्जन सम्बन्धी कार्यक्रम सँगसँगै अपाङ्गता भएका व्यक्तिहरुकमा अधिकार सम्बन्धी जानकारी

## गाउँपालिकाको तर्फबाट केहि आर्थिक विनियोजन गर्ने कार्यक्रम गर्यौं ।



**रामकुमार आचार्य**
अध्यक्ष
थाक्रे गाउँपालिका, धादिङ्ग

शारीरिक अवस्थाको आधारमा तालिम छनोट गर्दै उहाँहरुको मागका आधारमा तालिम छनोट गरेर अगाडि बढौं न कि हामी निर्णय गरेर छोड्ने भन्दापनि उहाँहरुको मागको आधारमा तालिम सन्चालन गर्न सक्यौं भने यो कार्यक्रम अगाडि बढाइरहंदा गाउँपालिकाका समितिहरुले केहि फन्डिङ्गहरु व्यवस्थापन गरेका छन यो क्षेत्रमा । थांक्रे गाउँपालिकामा यो भन्दा अगाडि को कार्यकालमा पनि हामीले केहि निर्णयहरु गर्यौं । यो अधिकारका लागि धैरै चोटि आउनुभयो । छलफल गर्यौं अन्तरक्रिया गर्यौं । गाउँपालिकाका तर्फबाट पनि हामीले केहि आर्थिक विनियोजन गर्ने कार्यक्रम गर्यौं ।

तथा क्षमता अभिवृदी लगायतका सवालमा पनि काम गर्ने उदेश्य लिएको छ। यसै अनुरुप हालै अपाङ्गता भएका व्यक्तिहरूको आर्थिक सबलीकरण तथा समावेशी रोजगारको लागि यु.एस.एआईडी (USAID) को सहयोग एवम् डिसेबिलिटी एन्ड डेब्लोपमेण्ट पार्टनर डी.डी.पी युके को कार्यान्वयन तथा नेपाल अपाङ्ग मानव अधिकार केन्द्र, अपाङ्गता भएका महिलाहरूको महासङ्घ नेपाल, परिलक्षित, श्रुति- राष्ट्रिय सुस्त श्रवण तथा पछि बहिरा भएकाहरूको संस्था र अपाङ्ग कल्याण सङ्घ धादिङको साझेदारीमा सञ्चालन हुन लागेको सक्षम सेन्ट्रल कार्यक्रमको धादिङ्गमा सम्पन्न परिचयात्मक कार्यक्रममा उक्त कार्यक्रमका लक्ष्य र उदेश्य प्रति थाक्रे गाउँपालिका अध्यक्ष रामकुमार आचार्य प्रभावित हुनुभएको थियो । अपाङ्गता भएका व्यक्तिहरूको आर्थिक सबलीकरण तथा समावेशी रोजगारको लागि यु.एस.एआईडी (USAID) को सहयोग एवम् डिसेबिलिटी एन्ड डेब्लोपमेण्ट पार्टनर डी.डी.पी युके को कार्यान्वयन तथा नेपाल अपाङ्ग मानव अधिकार केन्द्र, अपाङ्गता भएका महिलाहरूको महासङ्घ नेपाल, परिलक्षित संस्था, श्रुति- राष्ट्रिय सुस्त श्रवण तथा पछि बहिरा भएकाहरूको संस्था र अपाङ्ग कल्याण सङ्घ धादिङको साझेदारीमा सञ्चालन हुन लागिएको सक्षम सेन्ट्रलको परिचयात्मक कार्यक्रम हालै काठमाण्डौँमा सम्पन्न भएको कार्यक्रममा गोकर्णेश्वर नगरपालिकाका उपप्रमुख सान्नानी लामाको प्रमुख आतिथ्यता रहेको थियो । राजधानी काठमाडौँको उतारापुर्वमा अवस्थित ५८.५० वर्ग कि.मी क्षेत्रफल ओगटेको गोकर्णेश्वर नगरपालिका नेपाल सरकारको मिति २०७१ मङ्सिर १६ गतेको निर्णयबाट साबिक सुन्दरीजल, नयाँपाटि, बालुवा, गोकर्ण र जोरपाटी गाविसहरुलाई समेटी स्थापना भएको नगरपालिका हो। यस नगरपालिकाको नामांकन हाल वडा नं. ४ माअवस्थित श्री गोकर्णेश्वर महादेव मन्दिरको नामबाट भएको छ । घोषणा हुदाको बखत शुरुमा १६ वटा वडाहरुमा विभाजन गरिएको यस नगरपालिकाका वडाहरु नेपाल सरकारको मिति ०७३ फाल्गुन २६ गतेको स्थानीय तह घोषणा र पुनः संरचना पश्चात निम्न बमोजिम ९ वटा कायम भई यसको केन्द्र जोरपाटी तोकिएको हो । सक्षम सेन्ट्रल कार्यक्रम मार्फत यसै नगरपालिकामा रहेका १८० जना अपाङ्गता भएका व्यक्तिहरु प्रत्यक्ष जीविकोपार्जनमा जोडिनेछन जहाँ नगरपालिकाको समन्वय एवम् सहकार्य अपरिहार्य हुनेछ । अपाङ्गता भएका व्यक्तिहरूको आर्थिक सबलीकरण तथा समावेशी रोजगारको लागि सञ्चालन हुन लागिएको यो कार्यक्रमले मुलत स्थानिय तहमा रहेका अपाङ्गता भएका व्यक्तिहरुलाई रोजगारी तथा स्वरोजगारमा जोड्ने लक्ष्य

लिएको छ । यसै अनुरुप गोकर्णेश्वर नगरपालिकाका उपप्रमुख सान्नानी लामाले कार्यक्रम अवधिमा स्थानिय तहबाट आवश्यक सहकार्य एवम् सहयोगका लागि प्रतिबद्दता समेत व्यक्त गरी कार्यक्रमलाई सफल तथा परिणाममुखी बनाउन हौसला बढाउनुभएको थियो ।

## गोकर्णेश्वर नगरपालिकाले सहयोग गर्ने ठाउँमा सहयोग गर्न जहिले पनि तयार छ ।



**सान्नानी लामा**
उपप्रमुख
गोकर्णेश्वर नगरपालिका

जुन हजुरहरुले यो रोजगारीको कार्यक्रम ल्याउनुभयो गोकर्णेश्वर नगरपालिकामा ल्याएको कार्यक्रममा गोकर्णेश्वर नगरपालिकाले हजुरहरुलाइ सहयोग गर्नु पर्छ भने हामी त्यसमा तयार छौं । हजुरहरुलाइ हामी सहयोग गर्छौं । तर गोकर्णेश्वर नगरपालिका भित्र रहनुभएका सम्पूर्ण अपाङ्गता भएका दिदिबिहिन दाजुभाइहरुलाई उहाँहरुले एउटा आफ्नो कला देखाएर आफुले गर्न सक्ने कामको क्षमता विकास गरेर आफुले आय आर्जन गर्न सक्ने काममा हजुरहरुले बजारको व्यवस्था गरेर तालिम दिनु भयो भने सजिलो हुन्छ । अपाङ्गता भएका व्यक्तिहरुलाई रोजगारीमूलक कार्यक्रम दिई र सहकार्य गर्ने संस्थाहरुले एउटा बजारको व्यवस्था गरिदिनुहोस र त्यसमा गोकर्णेश्वर नगरपालिकाले सहयोग गर्ने ठाउँमा हामी सहयोग गर्न जहिले पनि तयार छौं ।

**यस अपाङ्गता आवाज पत्रिकामा प्रकाशन गरिएका निजि विचार तथा लेखहरुले अपाङ्ग आवाज मासिक पत्रिकाको प्रतिनिधित्व गर्दैनन्।**

**- सम्पादक**

लेख

# अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धिको औचित्य।



✍ **भूमिकला पौडेल।**

साभार : हिमालय टाइम्स।

५ पुष २०७९, काठमाण्डौं।

अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि-२००६ (युएनसिआरपिडी) एक बाध्यकारी कानुन हो। संयुक्त राष्ट्र सङ्घको सन् २००६ डिसेम्बर १३ तारिकमा सम्पन्न ६१औँ महासभाबाट अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि पारित भएको हो। नेपाल सरकारले यस महासन्धिलाई ३ जनवरी २००८ मा हस्ताक्षर गरी पक्ष राष्ट्र बन्नको लागि प्रतिबद्धता जाहेर गऱ्यो। त्यसपछि २७ डिसेम्बर २००९ मा नेपालको तत्कालीन व्यवस्थापिका संसद द्धारा सो हस्ताक्षरलाई अनुमोदन गरी नेपाल महासन्धिको पक्ष राष्ट्र बनेको हो। त्यसै गरी ७ मे २०१० मा संयुक्त राष्ट्रसङ्घमा नेपाल सरकारले ८६औँ राष्ट्रका रूपमा अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि तथा ५३औँ देशको रूपमा महासन्धिको इच्छाधीन आलेख २००६ लाई समेत अनुमोदन गऱ्यो। यसलाई अनुमोदन गर्ने पक्ष राष्ट्रका लागि यसको परिपालन गर्नु बाध्यकारी हुन्छ। जुन कुरालाई नेपालको सन्धि ऐन २०४७ को दफा ९ ले समेत पुष्टि गर्दछ र यो महासन्धि नेपालको घरेलु कानुनसरह मान्यता पाई कार्यान्वयनमा समेत आइसकेको अवस्था छ। अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धिले अपाङ्गताप्रतिको सामाजिक दृष्टिकोणमा व्यापक परिवर्तन ल्याउनुका साथै यस सवाललाई मानव अधिकारको दृष्टिकोणबाट हेरिँदै हाल अपाङ्गता समावेशी विकासको सवालबाट समेत हेर्न थालिएको छ। अपाङ्गता भएका व्यक्तिहरूको

अधिकारसम्बन्धी महासन्धि नेपालमा कार्यान्वयनमा आइसकेपछि नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी ऐन २०७४ पनि जारी गऱ्यो । जुन अपाङ्गता क्षेत्रका लागि अत्यन्त महत्त्वपूर्ण दस्ताबेज तथा ठुलो उपलब्धि मानिन्छ।

अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि २००६ मा जम्मा ५० वटा धारा रहेका छन् । महासन्धिको धारा १ मा उद्देश्य, धारा २ मा परिभाषा, धारा ३ मा सामान्य सिद्धान्तहरू र धारा ४ मा सामान्य दायित्वहरू उल्लेख गरिएको छ । त्यसै गरी महासन्धिको धारा ५ मा समानता र गैर भेदभाव, धारा ६ मा अपाङ्गता भएका महिला, धारा ७ मा अपाङ्गता भएका बालबालिका, धारा ८ मा सचेतना अभिवृद्धि, धारा ९ मा पहुँचयुक्तताक, धारा १० मा जीवनको अधिकार, धारा ११ मा जोखिमका अवस्थाहरू तथा मानवीय सङ्कटहरू र धारा १२ मा कानुनका अगाडि समान मान्यता हुने कुरा उल्लेख गरिएको छ । धारा १२ मा समावेश गरिएका पाँच वटा बुँदाहरू अनुसार (१) पक्ष राष्ट्रहरू अपाङ्गता भएका व्यक्तिहरूलाई कानुनका अगाडि व्यक्तिको रूपमा सर्वत्र मान्यता पाउने अधिकार भएको पुनः पुष्टि गर्छन् । (२) अन्य व्यक्तिहरूसरह समान आधारमा जीवनका सबै पक्षहरूमा अपाङ्गता भएका व्यक्तिहरूले कानुनी क्षमता उपभोग गर्छन् भनी पक्ष राष्ट्रहरूले स्वीकार गर्नेछन् । (३) अपाङ्गता भएका व्यक्तिहरूले आफ्नो कानुनी क्षमता प्रयोग गर्न आवश्यक पर्ने सहयोगमा पहुँच प्रदान गर्न पक्ष राष्ट्रहरूले उपयुक्त उपायहरू अवलम्बन गर्नेछन् । (४) पक्ष राष्ट्रहरूले कानुनी क्षमताको प्रयोगसँग सम्बन्धित सम्पूर्ण उपायहरू अन्तर्राष्ट्रिय मानव अधिकार कानुनबमोजिम उल्लङ्घन रोक्न उपयुक्त र प्रभावकारी सुरक्षाहरू भएको सुनिश्चित गर्नेछन् ।

त्यस्ता सुरक्षाहरूले कानुनी क्षमताको प्रयोगसँग सम्बन्धित सम्पूर्ण उपायहरूले व्यक्तिहरूको अधिकार, इच्छा र चाहनाहरूको सम्मान गर्ने, स्वार्थहरूको द्वन्द्व र अनुचित प्रभावबाट मुक्त भएको, समानुपातिक तथा व्यक्तिको अवस्थाहरू अनुरूप भएको, सम्भव भएसम्म कम समयको लागि प्रयोग हुने तथा सक्षम, स्वतन्त्र र निष्पक्ष अधिकारी वा न्यायिक निकायबाट पुनरावलोकनका भागीदार भएको

सुनिश्चित गर्नेछन् । त्यस्ता सुरक्षाहरू व्यक्तिको अधिकार तथा स्वार्थहरूलाई प्रभाव पारेको उपायहरूको मात्राअनुसार समानुपातिक हुनेछन् ।(५) यस धाराको अधीनमा रही पक्ष राष्ट्रहरूले अपाङ्गता भएका व्यक्तिहरूलाई सम्पत्ति स्वामित्वमा लिने, अपुताली पाउने, आफ्नो आर्थिक कारोबारहरू आफैँले नियन्त्रण गर्ने र बैङ्क ऋण, धितो बन्धक तथा अन्य प्रकारका वित्तीय ऋणमा समान पहुँच सुनिश्चित गर्न सम्पूर्ण उपयुक्त र प्रभावकारी उपायहरू अवलम्बन गर्ने तथा अपाङ्गता भएका व्यक्तिहरू आफ्नो सम्पत्तिबाट स्वेच्छाचारी ढङ्गमा वञ्चित नगरिएको सुनिश्चित गर्नेछन् ।

त्यसै गरी महासन्धिको धारा १३ मा न्यायमा पहुँच, धारा १४ मा व्यक्तिको स्वतन्त्रता तथा सुरक्षा, धारा १५ मा यातना वा क्रूर अमानवीय वा अपमानजनक व्यवहार र सजायबाट स्वतन्त्रता, धारा १६ मा शोषण, हिंसा र दुर्व्यवहारबाट स्वतन्त्रता, धारा १७ मा व्यक्तिको अखण्डताको संरक्षण गर्ने, धारा १८ मा आवतजावत र राष्ट्रियतासम्बन्धी स्वतन्त्रता, धारा १९ मा स्वतन्त्रतापूर्वक बस्न पाउने तथा समुदायमा समावेश गरिने, धारा २० मा व्यक्तिगत गमनशीलता, धारा २१ मा विचार र अभिव्यक्तिको स्वतन्त्रता तथा सूचनामा पहुँच, धारा २२ मा गोपनीयताको सम्मान, धारा २३ मा घर तथा परिवारको सम्मान, धारा २४ मा शिक्षा, धारा २५ मा स्वास्थ्य, धारा २६ मा वासस्थान र पुनः स्थापना, धारा २७ मा काम र रोजगार, धारा २८ मा पर्याप्त जीवनस्तर र सामाजिक संरक्षण, धारा २९ मा आर्थिक तथा सार्वजनिक जीवनमा सहभागिता, धारा ३० मा सांस्कृतिक जीवन, मनोरञ्जन, विश्राम तथा खेलकुदमा सहभागिताका कुराहरू उल्लेख गरिएका छन् ।

महासन्धिको अन्य धाराहरूको कुरा गर्नुपर्दा धारा ३१ मा तथ्याङ्क तथा आँकडा सङ्कलन, धारा ३२ मा अन्तर्राष्ट्रिय सहयोग, धारा ३३ मा राष्ट्रिय स्तरमा कार्यान्वयन तथा अनुगमन, धारा ३४ मा अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी समिति, धारा ३५ मा पक्ष राष्ट्रहरूको प्रतिवेदन, धारा ३६ मा प्रतिवेदन उपर विचारको कुरा उल्लेख गरिएको छ भने धारा ३७ देखि धारा ५० सम्म अन्य आवश्यक औपचारिक व्यवस्थाको कुरा उल्लेखित छ । यस महासन्धि पक्ष राष्ट्रले अनुमोदन गरेर कार्यान्वयनमा ल्याइसकेपछि अनुमोदन गरेको दुई वर्षमा प्रारम्भिक प्रतिवेदन

तथा प्रत्येक ४÷४ वर्षमायसको कार्यान्वयनको अवस्थाका बारेमा आवधिक प्रतिवेदनसमेत युएनसिआरपिडी कमिटीलाई बुझाउनुपर्दछ । जसअनुसार नेपालमा सन् २०१० मा अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि कार्यान्वयनमा आइसकेपछि अपाङ्गता भएका व्यक्तिहरूको अधिकारको अवस्थाका बारेमा नेपालले युएनसिआरपिडी कमिटीलाई सन् २०१२ मा प्रारम्भिक प्रतिवेदन बुझाउनु पर्ने थियो ।

तर, नेपाल सरकारका तर्फबाट सन् २०१४ मा मात्रै प्रारम्भिक प्रतिवेदन बुझाइएको थियो । यसै गरी अपाङ्गता क्षेत्रमा काम गर्ने सङ्घसंस्था तथा नागरिक समाजको तर्फबाट पनि नेपाल सरकारको तर्फबाट बुझाइएको रिपोर्ट चित्तबुझ्दो नभएको खण्डमा छाया प्रतिवेदन पठाउन सक्ने व्यवस्था छ । तर, विभिन्न कारणवश यो प्रारम्भिक छाया प्रतिवेदन पनि सन् २०१७ मा मात्रै पठाउन सफल भइयो । त्यसपछि युएनसिआरपिडी कमिटीले नेपालका ती प्रारम्भिक प्रतिवेदनहरू अध्ययन गरिसकेपछि १ मार्च २०१८ मा त्यसबारेमा आफ्ना टिप्पणी दिएको छ । यसमा पक्ष राष्ट्र अर्थात् नेपाललाई महासन्धिको धारा १२ को कार्यान्वयनको विषयमा ध्यान दिनका लागि विशेष रूपले ध्यानाकर्षण गराइएको छ । महासन्धिको धारा १२ मा 'कानुनका अगाडि समान मान्यता' हुने कुरा उल्लेख छ ।युएनसिआरपिडी कमिटीले गरेका टिप्पणीमध्ये महासन्धिको धारा १२ उपर गरिएको टिप्पणीअनुसार 'अपाङ्गता भएका व्यक्तिहरूको सम्बन्धमा अन्य कुनै व्यक्तिले निर्णय गर्ने विद्यमान पद्धति वा प्रतिस्थापित निर्णय पद्धतिको विकल्पमा ल्याइएको सहयोगसहितको निर्णय पद्धतिले अपाङ्गता भएका व्यक्तिको व्यक्तिगत स्वायत्तता, चाहना र रुचिहरूलाई सम्मान गर्दछ । तर, अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी महासन्धिको धारा १२ तथा सन् २०१४ को सामान्य टिप्पणीमा समेटिएको बुँदा नम्बर १ को पूर्ण पालना हुने गरी सहयोगसहितको निर्णय पद्धति स्थापित गर्नका लागि कानुनी प्रावधानहरूमा केही परिवर्तन नगरेको विषयमा महासन्धि कमिटीको ध्यानाकर्षण भएको छ ।

विशेष गरी विद्यमान पद्धतिलाई सहयोगसहितको निर्णय पद्धतिमा रूपान्तरण गर्ने प्रयास गरिरहेको अवस्थामा अपाङ्गता भएका व्यक्तिहरूको सम्बन्धमा अन्य कुनै

व्यक्तिले निर्णय गर्ने पद्धतिलाई नै राज्य पक्षले अहिलेसम्म कार्यान्वयन गरिरहेको विषयमा यो समितिको ध्यानाकर्षण भएको छ । त्यसै गरी कतिपय अवस्थामा बौद्धिक वा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरू सरकारी, न्यायिक, संस्थागत वा निजी उद्योगहरूबाट निकालिएका र परिणामतः महासन्धिको धारा १२ का प्रावधान विपरीत तिनीहरूको कानुनका दृष्टिमा समान हैसियत राख्ने अधिकारबाट वञ्चित गरिएका समाचारप्रति युएनसिआरपिडी कमिटीको थप चासो रहेको' उल्लेख छ । त्यसै गरी युएनसिआरपिडी कमिटीले महासन्धिको धारा १२ माथि गरेको अर्को टिप्पणीअनुसार 'राज्य पक्षले अशक्तताको स्तर जे-जस्तो भए तापनि सबै खालका अपाङ्गता भएका व्यक्तिहरूलाई अन्य व्यक्ति सरह समान हैसियतको पूर्ण कानुनी क्षमता राख्ने व्यक्तिका रूपमा मान्यता दिन समितिले कानुनका दृष्टिमा समान हैसियत सम्बन्धमा दिएको सन् २०१४ को सामान्य टिप्पणीमा समेटिएको बुँदा नम्बर १ को भावनाबमोजिम सहयोगसहितको निर्णय पद्धतिको सुरुवात गर्न सम्बद्ध कानुनलाई परिमार्जन गर्न सुझाव दिन्छ भनेको छ । यसका साथै समितिले अपाङ्गता भएका व्यक्तिहरूलाई अन्य व्यक्तिसरह समान हैसियतको कानुनी क्षमता राख्ने व्यक्तिका रूपमा मान्यता दिने र सहयोगसहितको निर्णय पद्धतिका सिद्धान्तहरूका विषयमा सङ्घीय, प्रादेशिक तथा स्थानीय तहका निजामती कर्मचारी, न्यायाधीश, सामाजिक कार्यकर्तासहितका यो प्रक्रियामा संलग्न हुने सबै पक्षहरूलाई तालिम दिन सुझाव दिन्छ र सोका लागि अपाङ्गता भएका व्यक्तिहरू र तिनका प्रतिनिधि संस्थासँगको परामर्श गर्न तथा सहयोग लिनसमेत सल्लाह दिन्छ' । यसरी महासन्धिको धारा १२ ले 'कानुनको अगाडि समान मान्यता' हुने कुरालाई जोड दिएको भए तापनि व्यावहारिक रूपमा हेर्नु पर्दा यस महासन्धिलाई हलुका रूपमा लिइएको हो कि जस्तो लाग्छ । किनकि १० प्रकारको अपाङ्गताको वर्गीकरणभित्र पनि न्यून प्रतिनिधित्व भएका अपाङ्गता समूह मनोसामाजिक अपाङ्गतामा रहेका व्यक्तिहरूको समस्याहरू एकदमै जटिल रहेको छ । झट्ट हेर्दा अपाङ्गता भएको जस्तो नदेखिने अर्थात् लुकेको अपाङ्गता भएको कारणले होला यो सवालका बारेमा धेरैले अविज्ञता प्रकट गरेको पाइन्छ । मनोसामाजिक अपाङ्गतालाई अपाङ्गता भएका

व्यक्तिहरूको अधिकारसम्बन्धी ऐन २०७४ ले अपाङ्गताको वर्गीकरणभित्र पारेको हो तर पाँच वर्ष भइसक्दा पनि यो सवाल हालसम्म सम्बोधन हुन सकेको छैन । मनोसामाजिक अपाङ्गतामा रहेका व्यक्तिहरूले भोगेको वास्तविक तथा जटिल समस्या, पीडा र अवरोधलाई परिवार, समाज तथा राष्ट्रले गम्भीरतापूर्वक बुझ्नै सकेको छैन । त्यसैले उनीहरू सबै क्षेत्रबाट विभेदमा परेका छन् । राज्यका कानुनी प्रावधानहरू हेर्दा त झन् उनीहरूलाई एउटा व्यक्ति तथा नागरिकको रूपमै स्वीकार गरेको पाईंदैन । राज्यका विभिन्न ६९ वटा ऐन तथा १४ वटा नियमावलीहरूले उनीहरूलाई असक्षम तथा अर्धसक्षम व्यक्तिका रूपमा परिभाषित गरेर विभेद गरेको प्रस्टै देखिन्छ । राज्यबाट हुने यस्ता उपेक्षित व्यवहार तथा प्रावधान हटाउन नै अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धिको धारा १२ ले अपाङ्गता भएका व्यक्तिहरूले आफ्नो 'कानुनी क्षमता प्रयोग गर्न' तथा आवश्यकता अनुसार 'सहयोगसहितको निर्णय' गर्न पाउनु पर्ने कुरालाई जोड दिएको हो र युएनसिआरपिडी कमिटीले पनि नेपालको प्रारम्भिक प्रतिवेदनमा गरेको मुख्य टिप्पणी पनि यही नै थियो र यसमा सुधार गर्नका लागि नेपाललाई विशेष रूपले ध्यानाकर्षणसमेत गराइएको छ । महासन्धिले धारा १२ मा सम्बोधन गरेको तथा युएनसिआरपिडी कमिटीले प्रारम्भिक प्रतिवेदनमा यसरी विशेष जोड दिएको मुख्य टिप्पणी 'सहयोगसहितको निर्णय पद्धति' वास्तवमा के हो त ? नेपालको कानुनी प्रावधानअनुसार हरेक १८ वर्ष पुगेका व्यक्तिहरूले समान रूपमा कानुनी क्षमता प्रयोग गर्न पाउँछन् र यो उनीहरूको अधिकार पनि हो । कानुनी क्षमताका लागि व्यक्तिमा कुनै क्षमता, विज्ञता वा विशेषज्ञता हुन जरुरी छैन । किनकि कानुनी क्षमतामा दुई वटा कुराहरू जोडिएको हुन्छ । जस्तै : अधिकार पाउने क्षमता र अधिकार प्रयोग गर्ने क्षमता । व्यावहारिक रूपमा भन्नु पर्दा एक व्यक्तिको कानुनी क्षमता भन्नाले उसलाई कानुनका अगाडि व्यक्तिको रूपमा मान्यता प्राप्त छ भन्नु हो । त्यसैले उसले आफ्नो जीवनका बारेमा निर्णय गर्न सक्छ, अधिकार प्रयोग गर्न सक्छ, नागरिक र न्याय प्रणालीमा पहुँच गर्न सक्छ, सम्झौता गर्न सक्छ र आफ्नो अधिकारका लागि विचार राख्न वा बोल्न सक्छ । त्यसैले १८ वर्षभन्दा बढी उमेर पुगेका मनोसामाजिक लगायत न्यून प्रतिनिधित्व भएका अपाङ्गता भएका व्यक्तिहरूले पनि समान आधारमा अन्य

व्यक्तिसरह आफ्नो जीवनसँग सम्बन्धित विषयमा कानुनी क्षमताको उपभोग गर्न पाउनुपर्छ । जसका लागि इच्छा आकाङ्क्षालाई राम्रोसँग बुझ्ने र सोहीअनुसार निर्णय गर्न सहायता प्रदान गर्ने गरी राज्यले 'सहयोगसहितको निर्णय पद्धति' को विकास गरिनु आवश्यक छ।

अपाङ्गता भएका व्यक्तिहरू अझ विशेष गरी मनोसामाजिक लगायत न्यून प्रतिनिधित्व भएका अपाङ्गता भएका व्यक्तिहरूको व्यक्ति स्वयं नभई उनीहरूको परिवारका अन्य व्यक्तिहरू जस्तै : बाबुआमा वा अभिभावकले उनीहरूका लागि निर्णय गरिरहेका हुन्छन् तर यस पद्धतिले उनीहरूको कानुनी क्षमतालाई कमजोर बनाउने मात्र होइन, प्रायः उनीहरूको इच्छा विपरीत तथा कहिलेकाहीँ उनीहरूलाई जानकारी नै नदिई निर्णयसमेत गरिएको अवस्था रहन्छ। जसले उनीहरूलाई व्यक्तिको रूपमा नै स्वीकार नगरेको तथा उनीहरूको अधिकारलाई अस्वीकार गरेको देखिन्छ भने यसले उनीहरूलाई समावेशी हुन नदिई झनै कमजोर पनि बनाइरहेको हुन्छ । त्यसैले अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धिले पछाडि पारिएका तथा ओझेलमा परेका अपाङ्गता भएका व्यक्तिको कानुनी क्षमतालाई स्थापित गर्न राज्य पक्षलाई दायित्व सुम्पिएको हो । महासन्धिको मर्मअनुसार कसैलाई पनि आफ्नो जीवनको बारेमा निर्णय गर्ने प्रक्रियाबाट बहिष्कृत गर्नु हुँदैन र यदि उनीहरूलाई निर्णय गर्न सहायता चाहिएको खण्डमा आवश्यक सहायता प्रदान गर्न सहयोगसहितको निर्णय पद्धतिको विकास गरेर यसलाई व्यवस्थित गरिनुपर्छ। महासन्धिको धारा १२ ले महासन्धि अनुमोदन गर्ने देशहरूलाई सहयोगसहितको निर्णय पद्धति निर्माण गर्ने दायित्व सुम्पिएको छ । यो, निर्णय प्रक्रियाका लागि आवश्यक सहायता चाहिने व्यक्तिले, सहायता प्राप्त गरी स्वयंले नै निर्णय लिने वा गर्ने पद्धति हो। जुन निर्णय प्रक्रियामा आवश्यक जानकारी दिने र लिने तथा निर्णय किन र कसरी गर्ने भन्ने कुरामा केन्द्रित रहन्छ । यो पद्धति अनुसार कुनै पनि निर्णय लिनका लागि हामीसँग विभिन्न विकल्प तथा ती विकल्पका बारेमा आवश्यक जानकारी हुनु आवश्यक हुन्छ । यदि भौतिक वा वातावरणीय तथा सोचाइजन्य सीमितता वा बाधा व्यवधानका कारण अपाङ्गता भएका व्यक्तिले ती नतिजाहरूलाई राम्रोसँग महसुस गर्न सक्दैनन् भने उनीहरूलाई उपयुक्त

वातावरण तयार पारी आवश्यक जानकारी उपलब्ध गराउन सकेमा अन्य व्यक्ति सरह उनीहरू पनि आफ्नो निर्णय आफैँ गर्न सक्छन् । जस्तै : उदाहरणका लागि मनोसामाजिक अपाङ्गता भएको व्यक्तिलाई उपचार लिने वा नलिने र लिए पनि कहाँबाट लिने तथा कस्तो उपचार वा सहयोग लिने भन्ने सवालमा द्विविधा हुनसक्छ । यस्तो अवस्थामा उसले कुनै मनोचिकित्सक, मनोविद् वा आफ्नै साथी सँगीबाट सहायता लिन सक्छ र आफू अनुकूल निर्णयमा पुग्न सक्छ तर यसमा सहायता गर्ने व्यक्तिले आफ्नो वैयक्तिक विचार लाद्न भने पाइँदैन । सहयोगसहितको निर्णय पद्धति वास्तवमा अभिभावकहरूबाट गरिने प्रतिस्थापित निर्णय पद्धतिको विकल्पमा आएको निर्णय पद्धति हो । यसमा अपाङ्गता भएका व्यक्तिले कुनै पनि किसिमको निर्णय गर्न सहयोगको आवश्यकता ठानेमा निर्णय लिनका लागि मद्दत लिन आफूले नजिकबाट चिनेका वा मनले खाएका व्यक्ति अथवा पेसागत व्यक्तिहरूलाई छनौट गर्छन् र एक सञ्जालको निर्माण गर्छन् । यदि स्वयं अपाङ्गता भएका व्यक्तिले चाहेमा भने सहयोगी समूहभित्र अभिभावकसमेत पर्न सक्छन् । यसले अपाङ्गता भएका व्यक्तिलाई स्वयंले नै आफ्नो निर्णय लिन सहयोग पुऱ्याउँछ र अपाङ्गता भएका व्यक्तिको आत्मनिर्णय, स्वतन्त्रता तथा स्वाभिमानलाई पनि बढाउँछ । यसले अपाङ्गता भएका व्यक्तिलाई उनीहरूले छनौट गरेका व्यक्ति वा समूहको सहयोगमा आफ्नो जीवनको बारेमा आफैँले छनौट गर्न सहायता गर्छ ।

हाम्रो दैनिक जीवनमा हामी सबै कुनै न कुनै रूपमा सहयोगसहितको निर्णय लिने काममा संलग्न भइरहेका हुन्छौँ । किनकि हामी कुनै निर्णय लिनुभन्दा पहिला परिवारका सदस्य, साथी सँगी, सहकर्मी, पेसाकर्मी अथवा मनले खाएको व्यक्तिसँग सल्लाह लिने गर्छौँ । उदाहरणका लागि कुनै जग्गा खरिद गर्न, गाडी, घर किन्न, विवाह गर्न, जागिर खान वा छोड्न, अप्रेसन वा उपचार गर्न आदि । यस कार्यमा हामी अरूलाई सहयोग गरिरहेका हुन्छौँ भने हामी पनि स्वयं सहयोग मागिरहेका हुन्छौँ । यसै गरी अपाङ्गता भएका व्यक्तिलाई पनि उनीहरूको जीवनको व्यवस्था गर्न, स्वास्थ्य रेखदेख गर्न, सम्बन्धहरू कायम गर्न र आफ्नो वित्तीय सवालहरूमा निर्णय लिन सहयोग चाहिन सक्छ । जसका लागि अभिभावक नै हुनुपर्छ भन्ने छैन । उनीहरूलाई आफ्नो

विश्वासयोग्य व्यक्ति तथा समूह वा पेसाकर्मी भएको सञ्जालले कुनै पनि विकल्पको विश्लेषण गर्न तथा कुनै विकल्पको छनौट गर्न सहायता प्रदान गर्दछ । व्यक्तिले यो शब्दावलीको बारेमा जानकारी पाएर होस् वा नपाएर, आफ्नो जीवनलाई सही ढङ्गमा अगाडि बढाउन सहयोगसहितको निर्णय लिने काम गरी नै रहेको हुन्छ । सहयोगसहितको निर्णय यसै हचुवामा हुने कुरा होइन । यसको पनि एक संरचना र प्रक्रिया हुन्छ र यो सबैलाई सधैँ एउटै किसिमको हुनुपर्छ भन्ने छैन । व्यक्तिको आवश्यकताअनुसार यसलाई परिमार्जन गर्न सकिन्छ ।

वास्तवमा यस पद्धतिको राम्रोसँग विकास गर्न सकेमा अपाङ्गता भएका व्यक्तिको आत्मसम्मानमा सकारात्मक प्रभाव पार्नुका साथै स्वयं अभिभावक तथा समाजलाई पनि ठुलो सहायता प्रदान गर्दछ र उनीहरूको बोझलाई कम गर्नसमेत महत्त्वपूर्ण भूमिका खेल्न सक्छ । त्यसैले अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धिले अपाङ्गता भएका व्यक्तिलाई आत्मनिर्भर तथा अधिकार सम्पन्न बनाउन व्यवस्था गरेको कानुनी क्षमताको विषयलाई मनन गर्दै यसलाई मद्दत गर्नका लागि परिकल्पना गरिएको सहयोगसहितको निर्णय पद्धतिका बारेमा सम्बन्धित सबै पक्षको ध्यानाकर्षण भई सरोकारवाला निकायहरूले यस सवालमा संवेदनशील भएर बेलैमा आवश्यक पहलकदमी गर्नु अत्यन्त जरी छ । त्यसै गरी श्रवण दृष्टिविहनी अपाङ्गता, अटिजमसम्बन्धी अपाङ्गता र बौद्धिक अपाङ्गता जस्ता जति बेला पनि सहयोगीको आवश्यकता पर्ने अपाङ्गता समूहहरूलाई हालसम्म पनि राज्यले सहयोगीको व्यवस्था गरिदिन सकेको छैन । जब कि अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन २०७४ ले पनि सहयोगीको व्यवस्था गर्नुपर्ने र पूर्ण अशक्त अपाङ्गता भएका व्यक्तिहरूको सहयोगीलाई भत्ता दिनुपर्ने कुरामा जोड दिएको छ । त्यसै गरी महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले व्यक्तिगत सेवासम्बन्धी कार्यविधिको मस्यौदा तयार पारेर अर्थ मन्त्रालयमा राय सुझावका लागि पठाएको धेरै समय भइसक्यो तर हालसम्म पनि अर्थ मन्त्रालयले आफ्नो राय सुझावसम्म दिन सकेको छैन, यो लागू भएर कार्यान्वयन हुने त कहिले हो कहिले ? त्यसैले १० प्रकारको अपाङ्गताको वर्गीकरणभित्र पनि न्यून

प्रतिनिधित्व भएका अपाङ्गता समूहहरूको यस्ता जटिल समस्याहरूलाई सरकारले कहिले सम्बोधन गर्ला त ? अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धिले अपाङ्गताको परम्परागत सोच, अवधारणा तथा परिभाषालाई नै बदलेर यस सवाललाई मानव अधिकारको दृष्टिकोणबाट हेर्नका लागि निर्देशित गरेको छ । शारीरिक वा मानसिक अवस्थाको क्षतिको आधारमा गरिने कुरा वा मान्यतालाई परिवर्तन गर्दै अपाङ्गता सम्बन्धी केही महत्त्वपूर्ण शब्दावलीहरूको परिभाषासमेत गरेको छ ।

जुन अपाङ्गता भएका व्यक्तिहरूको अधिकार प्रवर्द्धनका लागि गरिने कामहरूमा निकै उपयोगी रहेको पाइन्छ । महासन्धिका अनुसार अपाङ्गता भएका व्यक्ति भन्नाले शारीरिक, मानसिक, बौद्धिक वा इन्द्रियसम्बन्धी दीर्घकालीन अशक्तताद्वारा सृजित विभिन्न अवरोधसँगको अन्तर्क्रियाको कारणले समाजमा अन्य व्यक्तिसरह समान आधारमा पूर्ण र प्रभावकारी ढङ्गमा सहभागी हुन बाधा भएको व्यक्ति भनेर स्पष्ट पारेको छ । यसरी यस महासन्धिले सम्पूर्ण अपाङ्गता जगतलाई एक नयाँ दृष्टिकोण दिएको छ । अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी महासन्धिको अभिप्रेरणाबाट नेपालमा सरकारले अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन २०७४ जारी गऱ्यो । जुन अपाङ्गता जगतका लागि एउटा ठुलो उपलब्धि हो ।

अपाङ्गता भएका व्यक्तिको अधिकारको पक्षमा महासन्धि अनुमोदन गर्नु तथा त्यसको पक्षमा ऐन बनाउनु आफैँमा अत्यन्त सकारात्मक कुरा हो । तर, मनोसामाजिक अपाङ्गता लगायत न्यून प्रतिनिधित्व भएका अपाङ्गता समूहप्रति रहेको कलङ्क र विभेदलाई थप मलजल गर्ने गरी विगतमा बनी विद्यमानमा पनि कायम रहेका विभेदकारी कानुनी प्रावधानका कारण उनीहरू आफ्नो अधिकार सुनिश्चित हुने कुरामा ढुक्क हुन सकिरहेका छैनन् ।

त्यसैले अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धिको मुख्य मर्मलाई मनन गर्दै यसको व्यावहारिक कार्यान्वयन पक्षमा संवेदनशील भएर लाग्नु हुन सम्बन्धित सबै सरोकारवाला पक्ष तथा सेवा प्रदायक जिम्मेवार निकायहरूमा हार्दिक अनुरोध छ ।

## अन्तर्वार्ता

**अपाङ्ग आवाज मासिक पत्रिकाका सम्पादक जगदिश प्रसाद अधिकारीले अपाङ्गता भएका व्यक्तिहरुका शिक्षाका सवालमा नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले के कस्ता कामहरु गरिरहेको छ भन्ने विषयमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय वैकल्पिक तथा निरन्तर शिक्षा शाखाका शाखा अधिकृत दीपक माझीसँग केहि कुराकानी गर्नुभएको छ। उहाँसँग गरिएको उक्त कुराकानीको केहि अंशलाई अपाङ्ग आवाज मासिक पत्रिकामा यस प्रकार प्रस्तुत गारिएको छ ।**

प्रश्न :

आफू एक दृष्टिविहिन अपाङ्गता भएको व्यक्ति हुँदा हुँदै पनि अरू साङ्ग व्यक्ति सरह नेपाल सरकारको शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयमा काम गरिरहनु भएको छ। यो देख्दा खुसी लाग्छ हामीलाई बरु अलिकति त्यो दिनहरू जहाँ तपाई का सङ्घर्षहरू जोडिएका थिए होला त्यहाँबाट आज यहाँसम्म आई पुग्दाका अनुभव, चुनौतीहरू के कस्ता रहे हाम्रो पाठकहरूलाई बताइदिनुहोस न ?

उत्तर :

यो ठाउँ निरन्तर सङ्घर्ष मात्रैले हैन। शिक्षाको निरन्तर प्रयास बाट यहाँ आइपुगेको हो। नेपाल सरकारको समावेशी नीति जब २०६४ सालमा पछि आयो। त्यसपछि हामी केही अपाङ्गता भएका साथीहरूमा पनि यसप्रति आकर्षण बढेर आयो । हामीले पहिलोपल्ट हाम्रै अपाङ्गता वर्गबाट निरा अधिकारी पहिलो पटक लोकसेवाबाट शाखा अधिकृत भएको देख्यौ त्यस पछि उहाँकै प्रेरणाले आकर्षित बनायो अनि सोचे उहाँले सक्नुभयो भने मैले किन नसक्ने भन्ने सकारात्मक आत्मबलका साथ त्यही अनुसारले पढ्न थालियो। त्यसरी हेर्दा फेरि विभिन्न बाधा अवरोध त पढाइमा पनि छ नै र पनि निरन्तर प्रयास गर्दै अघि बढ्दै गइयो । यद्यपि दृष्टिबिहिन अपाङ्गता भएको व्यक्तिहरूका लागि लिखितमा पास भए पनि अन्तरवार्तामा फेल गराउने सम्भावना पनि त्यत्तिकै रहेको देखिन्थ्यो तथापि बिस्तारै निरन्तरको प्रयास गर्दै यो ठाउँसम्म आइपुगिएको हो जसमा अपाङ्गता भएका व्यक्तिहरूको क्षेत्रमा काम गर्ने सङ्घ संस्था, तपाई जस्तो सन्चारक्रमी साथीहरूको पनि सहयोगले सम्भव भएको पाउँछु।

प्रश्न : अपाङ्गता भएका व्यक्तिहरू अझै भनौँ दृष्टिविहीन अपाङ्गता भएका व्यक्तिहरू नेपाल

सरकारको नीति निर्माण तहमा आउँदै गर्दा अन्य अपाङ्गता भएका व्यक्तिहरू जो तपाई जस्तै राज्यको एक सम्मानित पद मार्फत सेवा गर्न मेहनत गरिरहेका छन् ती अपाङ्ग भएका विद्यार्थीहरुका लागि पनि केही कुरा राखिदिनुहोस् न?

उत्तर :

वास्तवमा हरेक कुरा सम्भव छ । खालि असम्भव भन्ने शब्द बाहेक अरू हुँदैन भन्ने मेरो व्यक्तिगत बुझाई हो । तर यसो भनिरहँदा फेरि सबै आकाङ्क्षाहरू यत्तिकै पूरा हुन्छन् भन्ने चाहिँ पक्कै हैन त्यसको निम्ति निरन्तरता लगनशीलता धैर्यता अभ्यास अनिवार्य सर्त हुन । म पनि त्यसरी नै अघि बढेर आज यहाँसम्म पुगेको हुँ । मेरो पृष्ठभूमि पनि त्यस्तो सबल संवृद्ध हैन तर म पनि सिक्दै बढ्दै र अरू बाट त्यसरी प्रेरित हुँदै आएको हुँ । त्यसैले मेरो ती अपाङ्गता भएका साथीहरू अथवा दृष्टि सम्बन्धी अपाङ्गता भएका साथीहरू सबैलाई के आग्रह छ भने तपाइहरूलाई पनि यो सम्भव छ । तपाईँहरू पनि भोलि यहाँ अथवा यो भन्दा ठुलो ठाउँमा पुग्न सक्नुहुन्छ किनभने हामीले पढेको भन्दा अहिले समय पनि फरक छ । र अहिले हामीले पढेको भन्दा तपाईँहरूलाई केही हदसम्म वातावरण देखि शैक्षिक पाठ्यपुस्तक र सिकाई प्रक्रिया पहुँचयुक्त देखिन्छ । अहिले धेरै कुराहरू आइटीको माध्यमबाट पढ्न सकिन्छ । पहिले पढ्न सकिँदैन थियो । त्यसैले तपाइहरूसँग धेरै अवसरहरू छन् । अवसर वरिपरि छ तपाइले खालि त्यसलाई समात्न पर्ने छ । समात्नको निम्ति एउटा तरिका एउटा बाटो एउटा विधि प्रक्रिया हुन्छ । त्यो विधि प्रक्रियामा तपाइ लाग्नुस् । लगातारको मेहनत सङ्घर्ष र परिश्रमले असम्भव चिजलाई त सम्भवमा परिणत गरिदिन्छ भने यो त त्यति परको कुरा पनि हैन ।

प्रश्न :

तपाइले कार्यसम्पादन गरिरहनुभएको शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गत अपाङ्गताको क्षेत्रमा के कस्ता कामहरू भएका छन् वा भइरहेका छन् अलिकति बताइदिनुहोस् न ।


उत्तर :

वास्तवमा म जब यो सेवामा प्रवेश गरेँ । त्यो भन्दा अगाडि अपाङ्गता शिक्षामा मैले आफूले भोगेका भोगाइहरूलाई कसरी आउने

अपाङ्गता भएका व्यक्तिहरूको युगलाई अथवा आउने पिँढीहरूलाई भोग्न नपरोस् भनेर तमाम प्रयासहरू हामीले गरेका छौँ । त्यसमध्येको पहिला कुरो व्यवस्थापकीय सुधारहरू भएको छ । जस्तै पहिले पहिले विद्यालयमा छात्र छात्राहरूलाई छात्रवृत्ति अपर्याप्त थियो । त्यसलाई अहिले नेपाल सरकारले पर्याप्त छात्रवृत्तिको विनियोजन गरेको छ र अब त्यसको समस्याहरू छैनन् । दोस्रो कुरा हामीले व्यवस्था गरेको तर कार्यान्वयनमा अलि धेरै समस्या भएको छात्रावास सञ्चालन सम्बन्धी कार्यविधि हो । यो छात्रावास कार्यविधिले बच्चाहरूलाई कस्तो कस्तो कुरा कुन कुन दिन खुवाउने भन्ने समेत हामीले त्यहाँ व्यवस्था गरेका छौँ। पोषणयुक्त खाना खाएको बच्चाले मात्र राम्रो सिक्न सक्छ त्यसैले हामीले त्यो धारणाबाट पोषणयुक्त खानेकुराको व्यवस्था हुनुपर्छ भनेर प्रत्येक बच्चालाई बिहान के खुवाउने बेलुका के खुवाउने कति पटक खुवाउने भनेर व्यवस्था गरेको छ भने अर्को सिकाई को विषय हो।

सरकारी विद्यालयमा पढ्ने विद्यार्थीहरूको गणित अङ्ग्रेजी विज्ञान विषयमा कमजोर भएको हुनाले सातै प्रदेशका गणित अङ्ग्रेजी र विज्ञान पढाउने शिक्षकहरूलाई हामीले कसरी यो अवस्था सुधार्ने र दृष्टिविहीन अपाङ्गता भएका व्यक्तिहरूलाई पनि पढाउनु पर्छ भनेर तालिम पनि दिएका छौँ । त्यसका केही



प्रभावहरू पनि देखिएका छन् । तर अझै पनि त्यसमा धेरै काम गर्न बाँकी छन् । हामीले २०७३ सालमा समावेशी शिक्षा नीति भन्ने पनि जारी गऱ्यौँ । यस मार्फत अपाङ्गता अधिकारमा आधारित रहेर तमाम व्यवस्थाहरू भएका छन् । त्यसकै निरन्तरता स्वरूप शिक्षा नीति २०७६ पनि जारी भएको छ जसले समावेशी शिक्षा र विशेष शिक्षालाई एकदम जोड दिएर उद्देश्य रणनीति र कार्यनीतिमा व्यवस्था गरेको छ ।

प्रश्न :

समावेशी शिक्षा र राष्ट्रिय शिक्षा नीतिको कुरा गर्दै गर्दा अहिले आम अपाङ्गता भएका व्यक्तिहरूको के बुझाई रहँदै आएको छ भने यो कतै राष्ट्रिय शिक्षा नीतिले अपाङ्गता भएका व्यक्तिहरूको समावेशी शिक्षा नीतिमा अझै पनि असर गर्न खोजिएको हो कि ? यसले राष्ट्रिय शिक्षा नीतिमा पनि सघाउ पुर्याउदैन भन्ने खालको शङ्का वा दुबिधामा अपाङ्गता भएका व्यक्तिहरू वा यो क्षेत्रमा काम गर्ने अधिकारकर्मीको रहँदै आएका पाईन्छन । तसर्थ ती दुबिधामा रहेका सम्पूर्ण व्यक्तिहरू र हाम्रा ती तमाम पाठकहरूलाई यो दुबिधाबाट समाधान हुने तरिकाले बताइदिनुहोस् न ।

उत्तर :

सबैलाई मेरो अनुरोध के छ भने राष्ट्रिय शिक्षा नीति समावेशी शिक्षा नीतिको निरन्तरता हो भन्ने पहिलो कुरा छ । खास गरी भन्नपर्दा यो नयाँ होइन । त्यसको निरन्तरता हो । अर्को राष्ट्रिय शिक्षा नीतिमा दुई वटा कुराको व्यवस्था गरेको छ । पहिलो सङ्क्रमणकालीन शिक्षा  कस्तो हुने ? जस्तो पहिलो बच्चा जन्मिएपछि उसले आधारभूत सिकाइ कसरी गर्छ दोस्रो उ समावेशी रूपमा कसरी शिक्षामा समावेश हुन्छ । भन्ने किसिमले हामीले उद्देश्य बनाएका छौँ । त्यसैले मेरो आग्रह के छ भने राष्ट्रिय शिक्षा नीतिले समावेशी शिक्षा र विशेष शिक्षालाई बढी जोड दिएको छ यसमा कोही दुबिधामा रहनुपर्दैन । अहिले त्यही नीति कार्यान्वयनको लागि आएका योजनाहरूले पनि अपाङ्गतालाई आधार बनाएर बनाइएका योजनाहरू पनि पाउनुहुने नै छ । जस्तै राष्ट्रिय शिक्षा नीतिको उद्देश्यमा समावेशी शिक्षाको पहिलो उद्देश्य बनाएको छ । एउटा उद्देश्य बनाएर समावेशी शिक्षा सम्बन्धी रणनीति दुई वटा छ त्यसमा पनि फेरि नौ वटा कार्यनीतिहरू रहेका छन् । यस कारण समावेशी शिक्षालाई

यसले छोडेको छ भन्ने होइन । राष्ट्रिय शिक्षा नीतिले समावेशी शिक्षालाई अवलम्बन गरेर एउटै छाता नीतिमा सबैलाई लिएको छ । त्यसैले कोहीमा एउटै छातामा जाँदा हामी कतै छायामा पर्छौं कि भन्ने आशङ्का होला त्यस्तो आशङ्कामा कोही पनि नबस्न म निवेदन गर्न चाहन्छु । समावेशी शिक्षा नीति तथा ऐन सबैको अनुहार देखिने गरी बनाइएको छ ।

प्रश्न :

जस्तो समावेशी शिक्षाको लागि न्यूनतम आधारहरू भनिन्छ अब यी केही आधारहरू नहुँदै त समावेशी शिक्षाको कुरा हुँदैन होला । न्यूनतम आधारहरू बारेमा पनि अलिकति प्रस्ट पारिदिनुस् न ।

उत्तर :

वास्तवमा मानिसहरूको अलमल चाहिँ यहाँ छ कि भन्ने लाग्छ किनभने यो न्यूनतम आधारहरूको विषयमा थाहा नपाई कन एकै चोटि माथिको कुरा गरिरहेको हामीहरूले महसुस गर्छौं । हाम्रो समावेशी शिक्षाको न्यूनतम आधारहरूमा धेरै मानिसले भन्छन् यो पूर्वाधारलाई जोड दिन्छ अथवा भौतिक पहुँचलाई जोड दिन्छ अनि पो समावेशी हुन्छ भनेर मानिसहरूले व्याख्या गर्ने गर्छन् जुन एउटा आधार हो तर हाम्रो सरकारको नीति के हो भने सबै विद्यालयहरू सबैको लागि हो त्यहाँ अपाङ्गता आए पनि न आए पनि अपाङ्गता मैत्री संरचना हुनै पर्छ । मानवीय व्यवहारको कुरा चुनौंती पूर्ण कुरा हो । वास्तवमा मानवीय व्यवहार हाम्रो जस्तो सामाजिक संरचनामा सहजै मानवीय व्यवहारहरू पाउन सकिँदैन । त्यो व्यक्ति पिछे फरक व्यवहार हुने भएकोले यसको निम्ति नेपाल सरकारले सबै संघसस्थाहरुलाई परिचालन गरी समाज र नागरिकलाई सचेत बनाउने काम गर्छौं । त्यसको निम्ति सरकारको तर्फबाट हेर्ने हो भने वडाको तयारी देखी गाउँपालिका, प्रदेश र सङ्घीय सरकारको तयारी यसै अन्तर्गत पर्छ । आधारभूत संरचनाको कुरामा जाँदा यो आधारभूत संरचना भनेको शिक्षक तालिमको कुरा हो । धेरै शिक्षकहरूले अहिले यसको बारेमा तालिम पाउनु भएको छैन । र समावेशी शिक्षा भनेको कच्चा बुझाइ छ । किनभने दुई वटा जस्तै अपाङ्गता र अपाङ्गता नभएका व्यक्ति एकै ठाउँ मिसाउने बित्तिकै समावेशी भइहाल्यो भन्ने खाले बुझाई हुन्छ जुन मात्रै पनि सत्य होइन । अपाङ्गतालाई अन्य साङ्ग विद्यार्थीहरुमा मिसाउनको निम्ति आधारभूत

सुविधा सहितको हुनु पर्छ भन्ने मुख्य कुरा हो । त्यसको निम्ति शिक्षक तालिम अनिवार्य आवश्यक पर्छ । अर्को महत्त्वपूर्ण कुरा पाठ्यक्रम र पाठ्यपुस्तक हो । यो पाठ्यक्रम र पाठ्यपुस्तक पनि मूल्याङ्कन प्रणाली समावेशी हुनु पर्छ भनेर नेपाल सरकारको २०७६ सालमा आएको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले अपाङ्गताको लागि मूल्याङ्कनमा लचकता प्रणाली पनि अपनाउन सक्ने व्यवस्था गरेको छ ।

प्रश्न :

जस्तो परीक्षा प्रणालीमा स्व मूल्याङ्कनका प्रणालीहरू पनि हुन्छन् । एउटा दृष्टिविहीन व्यक्तिलाई छामेर कुनै चित्रहरू लेख मतलब के चिज छ लेख अथवा बहिरा साथीलाई सुनेर लेख वा गणित विषयको कुरा गर्दा ज्यामितिमा दृष्टिविहिनहरुको लागि यी कुराहरू पनि होलान् । त्यस्तै अटिजम अपाङ्गता भएका व्यक्तिहरूले पनि नेपालीमा अलि गाह्रो भयो यसको वैकल्पिक के हुन सक्छ भन्ने कुराहरू पनि आइरहेका छन् । त्यसैले अहिले नेपाल सरकार शिक्षा विज्ञान प्रविधि मन्त्रालयले यसको बारेमा के गरिरहेको छ ?

उत्तर :

हामीले अपाङ्गता मात्रै नभएर भाषा सम्बन्धी पनि केही अवरोधहरू छन् । अरूको पनि त्यस्तै गरी विभिन्न अवरोधहरू छन् । अहिले नेपाल सरकारले लेटर ग्रेडिङ भनेर मूल्याङ्कन पद्धति सुरु गरेका छ । अक्षराङ्कस प्रणाली छ । पहिला पहिला बालबालिकाहरूलाई पास फेल भनिन्थ्यो भने अब पास फेल हैन कि ए प्लस ए भन्ने भयो । हामीले के गरेका छौँ भने दृष्टिविहीन र बहिरा साथीहरूको लागि छुट्टै प्रश्न पत्र जस्तै जहाँ नक्सा बनेको छ त्यसको सट्टा छुट्टै प्रश्न पत्रको प्रणाली पनि सुरु गरेका छौँ । तर हामीलाई समस्या के भइरहेको छ भने त्यही प्रश्न पत्र निर्माण र प्रश्न पत्रको वितरण प्रणालीलाई हामीले लागु गराउनको निम्ति डाटा स्पष्ट ढङ्गले आइरहेको छैन । जस्तै जुम्लाको कर्णाली मा वि मा दृष्टिविहीनको बच्चा कति जना पढ्छन् दश कक्षामा भन्ने खालको डाटामा राम्रोसँग नआएको हुनाले धेरै साथीहरूले त्यो दृष्टिविहीनको प्रश्न पत्र पाउनु भएन । अनि अर्को पाउनु भएको साथीहरूले पनि यसपालि देखि के देखियो भने त्यो दृष्टिविहीनको प्रश्न छ भन्ने थाहा नपाएर माथिल्लो प्रश्नको उत्तर दिनुभयो । तसर्थ यसको व्यवस्थापन बाँकी नै छ । तर हामीले प्रयास सुरु गरिसकेका छौँ ।

समाचार

# बौद्धिक अपाङ्गता पाठ्यपुस्तकको शिक्षक निर्देशिका सम्बन्धी अभिमुखीकरण कार्यशाला सम्पन्न ।



बौद्धिक अपाङ्गताका अभिभावक महासङ्घ नेपालको आयोजना र माई राइट संस्थाको सहयोगमा बौद्धिक अपाङ्गता पाठ्यपुस्तकको शिक्षक निर्देशिका सम्बन्धी अभिमुखीकरण कार्यशाला बुधवार काठमाण्डौमा सम्पन्न भएको छ । नुवाकोट, हेटौडा, उदयपुर र सिन्धुलीबाट आएका बौद्धिक अपाङ्गता भएका बालबालिकाका स्रोत शिक्षक शिक्षिकाहरूका लागि अभिमुखीकरण कार्यशाला आयोजना गरेको बौद्धिक अपाङ्गताका अभिभावक महासङ्घ नेपालका अध्यक्ष राजु बस्नेतले बताउनुभएको छ ।

बौद्धिक अपाङ्गता भएका बालबालिकाले पनि अरू बालबालिका सरह गुणस्तरीय शिक्षा हासिल गर्न पाउने कुरालाई व्यवहारिक बनाउन उनीहरूको शिक्षण सिकाई विधिका साथै पठन पाठनमा सहजीकरणको लागि महासङ्घ नेपालले स्थानीय पालिका र साझेदार निकायसँग मिलेर नुवाकोट, हेटौडा, उदयपुर र सिन्धुलीमा नमुना श्रोत कक्षा निर्माण गरी गरिसकेको छ । बौद्धिक अपाङ्गता भएका बालबालिकाहरूका लागि पाठ्यपुस्तक निर्माण गर्ने कार्य पनि तीव्र रूपमा अघि बढिइरहेको अध्यक्ष बस्नेतले जानकारी दिनुभएको छ ।

२८ मंसिर २०७९ काठमाण्डौं । नबराज सोती ।

## २ दिने समावेशी परियोजना तथा लेखा व्यवस्थापन तालिम सम्पन्न।




बौद्धिक अपाङ्गताका अभिभावक महासङ्घ नेपालको आयोजना तथा सी.बि.एम. ग्लोबलको आर्थिक सहयोगमा बौद्धिक अपाङ्गताका अभिभावक महासङ्घ नेपालका कर्मचारी एवं कार्यसमितिका पदाधिकारीहरूका लागि २ दिने समावेशी परियोजना चक्र तथा लेखा व्यवस्थापन तालिम १७ जनाको सहभागितामा काठमाण्डौमा सम्पन्न भएको छ।

३ पुष २०७९, काठमाण्डौँ। अपाङ्ग आवाज संवाददाता।

## नेपाल स्पाइनल कर्ड इन्जुरी खेलकुद सङ्घद्वारा बागमती प्रदेश सभा सदस्य घिमिरेलाई सम्मान।

नेपाल स्पाइनल कर्ड इन्जुरी खेलकुद सङ्घले मेरुदण्ड पक्षाघातको कारण शारीरिक अपाङ्गता भएका ह्विलचियर प्रयोगकर्ता राष्ट्रिय प्रजातन्त्र पाटीको तर्फबाट बागमती प्रदेश सभा सदस्य लक्ष्मी घिमिरेलाई सम्मान गरेको छ। लक्ष्मी घिमिरे नेपाल स्पाइनल कर्ड इन्जुरी खेलकुद सङ्घको आजीवन सदस्य तथा सङ्घको बास्केटबल महिला टिमको सदस्य समेत हुनुहुन्छ । राष्ट्रिय प्रजातन्त्र पाटीको तर्फबाट बाग्मती प्रदेश सभा सदस्य लक्ष्मी




घिमिरेलाई सम्मान गर्दै नेपाल स्पाइनल कर्ड इन्जुरी खेलकुद सङ्घकी अध्यक्ष देवी आचार्यले सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरूका अति आवश्यक सवालहरूलाई समावेश गर्नुका साथै मेरुदण्ड पक्षघात अपाङ्गता भएका व्यक्तिहरूका जटिल समस्याहरूका समाधानका साथै खेलकुदको विकासका सवालहरू समावेश गर्न आग्रह गर्नु भयो । यसै क्रममा उहाँले मेरुदण्ड पक्षघात अपाङ्गता भएका व्यक्तिहरूका जटिल समस्याहरूका विषयमा छलफल गरी आवश्यक सवालहरूलाई बुँदागत रूपमा हस्तान्तरण गर्ने भन्दै नेपाल स्पाइनल कर्ड इन्जुरी खेलकुद सङ्घसँग आवद्द ह्विलचियर बास्केट बल खेलाडी तथा राष्ट्रिय प्रजातन्त्र पाटीको तर्फबाट बाग्मती प्रदेश सभा सदस्य लक्ष्मी घिमिरेलाई बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्नु भयो।

यसै गरी सङ्घका सचिव जेनिशा कठायतले संसदमा अपाङ्गता भएका व्यक्तिहरूका शिक्षा, स्वास्थ्य, रोजगारका साथै अपाङ्गता मैत्री भौतिक संरचना निर्माण तथा अपाङ्गता भएका व्यक्तिहरूको खेलकुदको विकासका लागि पनि आवाज उठाउन प्रदेश सभा सदस्य

घिमिरेलाई आग्रह गर्नुभएको थियो । नेपाल स्पाइनल कर्ड इन्जुरी खेलकुद सङ्घका ह्विलचियर बास्केटबलका कोच विजय लामाले नीति निर्माणका क्रममा अपाङ्गता भएका व्यक्तिहरूको खेलकुदको विकासको लागि पनि आवश्यक सवालहरू समावेश गर्नु हुन आग्रह गर्दै शुभकामना दिनुभएको थियो ।खेलकुद सङ्घले आयोजना गरेको कार्यक्रमलाई संबोधन गर्दै बागमती प्रदेश सभा सदस्य लक्ष्मी घिमिरेले संसदमा सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरूका सवालहरूलाई उठाउँदै समावेशको लागि पहल गर्ने, अपाङ्गता भएका व्यक्तिहरूको स्वास्थ्य, शिक्षा, रोजगार तथा अपाङ्गता मैत्री संरचना निर्माणका लागि पनि आवाज उठाउने बताउँदै यो स्थान सम्म आउन सहयोग गर्नु हुने राष्ट्रिय प्रजातन्त्र पाटी, नेपाल स्पाइनल कर्ड इन्जुरी खेलकुद सङ्घ परिवार तथा अपाङ्गता भएका व्यक्तिहरू र अपाङ्गताको क्षेत्रमा काम गर्ने सबैलाई धन्यवाद दिँदै उहाँहरूका सवालहरूलाई संबोधन गर्नको लागि सधैँ प्रयत्नशील रहने बताउनुभएको थियो ।

## अपाङ्गता भएका व्यक्तिहरूको समावेशी र गुणस्तरीय शिक्षाका लागि आधारभूत सूचकको विकास विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न ।

नेपाल नेत्रहीन सङ्घ, राष्ट्रिय बहिरा महासङ्घ नेपाल, अपाङ्गता भएका महिलाहरूको महासङ्घ नेपाल र बहिरा दृष्टिविहीन अभिभावक समाज नेपालको संयुक्त आयोजना तथा अपाङ्गता अधिकार कोष र अपाङ्गता अधिकार वकालत कोषको साझेदारीमा अपाङ्गता भएका व्यक्तिहरूको समावेशी र गुणस्तरीय शिक्षाका लागि आधारभूत सूचकको विकास विषयक अन्तरक्रिया कार्यक्रम हालै काठमाडौँमा सम्पन्न भएको छ । नेपाल नेत्रहीन सङ्घका अध्यक्ष सुरेश चन्द्र न्यौपानेको अध्यक्षता एवम् विज्ञान तथा प्रविधि मन्त्रालय विद्यालय शिक्षा महाशाखाका सहसचिव दीपक शर्माको प्रमुख आतिथ्यतामा सम्पन्न भएको उक्त अन्तरक्रिया कार्यक्रममा सरोकारवाला सरकारी प्रतिनिधि सहित अपाङ्गता क्षेत्रमा काम गर्ने विभिन्न सङ्घ संस्थाका प्रमुख एवं प्रतिनिधिहरूको उपस्थिति रहेको थियो ।

६ पुष २०७९, काठमाण्डौँ । लोकनाथ दाहाल ।

# अपाङ्गता भएका महिला विरुद्धको हिंसा, नीतिगत सवलता र न्यायमा पहुँच सम्बन्धी कार्यशाला गोष्ठी सम्पन्न ।



"अपाङ्गता भएका महिला विरुद्धको हिंसा, नीतिगत सबलता र न्यायमा पहुँच" पुऱ्याउने उद्देश्यले राजधानीमा एक कार्यशाला गोष्ठी सम्पन्न भएको छ । अपाङ्गता भएका महिलाहरू प्रति भइरहेका हिंसा बारे कसरी आवाज उठाउन सकिन्छ र त्यसका लागि नीतिगत रूपमा के कस्ता सबल पक्षहरू छन् तथा आगामी दिनमा कसरी यसलाई अझ सबल बनाउँदै लान सकिन्छ र यदि अन्याय भएको खण्डमा त्यसका लागि कसरी न्यायमा पहुँच पुग्न सक्छ भन्ने सम्बन्धमा अधिवक्ता तथा कानुनविद्हरू, अपाङ्गता भएका व्यक्तिहरूको सङ्घसंस्थाका प्रतिनिधिहरू, विभिन्न आयोग तथा सरकारी निकायका प्रतिनिधिहरू र उपत्यका भित्रका विभिन्न ६ वटा नगरपालिकाका उप–प्रमुख तथा न्यायिक समितिका सदस्यहरू बिच व्यापक छलफल गरिएको थियो । सहभागीहरूले अपाङ्गता भएका महिलाहरूको न्यायमा पहुँच पुऱ्याउनका लागि आफ्ना–आफ्ना निकायमा के के गर्न सकिन्छ भन्ने विषयमा उक्त कार्यक्रमले सचेत गराएको बताउँदै आगामी

दिनमा यसका लागि पहल गर्ने प्रतिबद्धता समेत व्यक्त गरेका थिए । अपाङ्गता भएका महिलाहरूको महासङ्घ–नेपाल, राष्ट्रिय बहिरा महासङ्घ नेपाल, नेपाल नेत्रहीन सङ्घ र श्रवण –दृष्टिविहीन अभिभावक सङ्घको संयुक्त आयोजनामा सञ्चालित सो कार्यशालालाई अपाङ्गता अधिकार वकालत कोषले सहयोग गरेको थियो । कार्यशालामा ५० जना व्यक्तिहरूको सहभागिता रहेको थियो ।

१२ पुष २०७९, काठमाण्डौं । तारानिधि प्याकुरेल ।

## नवनिर्वाचित सांसदहरूलाई अपाङ्गता भएका व्यक्तिहरूको एउटै प्रश्न ।



नवनिर्वाचित सांसदहरूलाई अपाङ्गता भएका व्यक्तिहरूले एउटै प्रश्न गरे "नवगठित संसदमा अपाङ्गता भएका व्यक्तिहरूको प्रतिनिधित्व खोइ ?" अर्थात "हाम्रो राजनितिक अधिकार खोइ ?" राजधानी, काठमाडौंमा नेत्रहिन युवा संघ नेपालद्धारा आयोजित एक विशेष समारोहमा अपाङ्गता भएका व्यक्तिहरूको राजनितिक सुनिश्चितता नभइरहेको अवस्थालाई मध्यनजर गर्दै सो सवाल उठाईएको हो । समारोहमा नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा माओवादी केन्द्र, जनता समाजवादी पार्टी र जनमत पार्टी लगायतका २६ जना माननिय सांसदहरूको उपस्थितीमा आयोजित सो समारोहमा सबै दलहरूलाई अपाङ्गता भएका व्यक्तिहरूको राजनितिक सहभागिताका लागि निर्णायक भूमिका खेल्न सुझाव दिइएको थियो भने राजनितिक दलका प्रतिनिधीहरूले संविधानमा अपाङ्गता भएका व्यक्तिहरूको प्रतिनिधीत्वको सुनिश्चितता गरेको भएतापनि केही प्राविधिक समस्याका कारण समेट्न नसकिएको जानकारी दिँदै आगामी दिनमा "वा अथवा, तर जस्ता शब्दहरूका

कारण परेको यो समस्यालाई नीतिगत रूपमा नै हटाउन व्यवस्था गरी अनिवार्य रूपमा अपाङ्गता भएका व्यक्तिहरूलाई समेट्ने" प्रतिवद्धता व्यक्त गरेका थिए । समारोहमा विभिन्न राजनितिक दलका भातृ तथा सुभेच्छुक संघसंस्थाका प्रतिनिधिहरू तथा अपाङ्गता भएका व्यक्तिहरूको सहभागिता रहेको थियो । कार्यक्रममा सहभागीहरूले देशमा सम्पन्न तीनै तहको निर्वाचनमा अपाङ्गता भएका व्यक्तिहरूको उल्लेखित सहभागीता रहेको भएता पनि विद्यमान कानुनी केही प्रावधानहरूका कारण सबै अपाङ्गता भएका व्यक्तिहरूले निर्वाचन प्रक्रियामा भाग लिन नपाएको अवस्था रहेको औंल्याउँदै सिमित कानुनी प्रावधान अर्थात अपाङ्गतामैत्री कानुनी व्यवस्था नहुँदा अझ सक्रिय रूपमा अपाङ्गता भएका व्यक्तिहरूको सहभागिता हुन नसकेको बताएका थिए भने दृष्टिविहीनहरूको हकमा आफुले इच्छाईएको व्यक्तिलाई मतदान सहयोगीको रूपमा राख्न नपाउँदा आफ्नो अधिकारको सदुपयोग गर्न नसकेको बताए।

१२ पुष २०७९, काठमाण्डौं। भूमिकला पौडेल।

## अपाङ्गता समावेशी रोजगार मेला सम्पन्न।

नेपालकै इतिहासमा पहिलो पटक अपाङ्गता भएका व्यक्तिहरूलाई रोजगार बनाउने उद्देश्यका साथ राष्ट्रिय अपाङ्ग महासंघ नेपाल, द लेप्रो सी मिसन नेपाल, करुणा फाउन्डेसन नेपाल र फाउण्ड परियोजनाको संयुक्त आयोजनामा अपाङ्गता समावेशी स्वरोजगार मेला सम्पन्न भएको छ।

उक्त दुई दिने अपाङ्गता समावेशी रोजगार मेलालाई संबोधन गर्दै प्रदेश नं १ का निवर्तमान मुख्यमन्त्री राजेन्द्रकुमार राईले अपाङ्गता भएका व्यक्तिका लागि आरक्षण कायम गरी संरक्षण गर्नु राज्यको मुख्य दायित्व भएको बताउनुभएको छ। निवर्तमान मुख्यमन्त्री राईले अपाङ्गता भएका व्यक्तिलाई आवश्यक तालिम तथा सीप प्रदान गर्नु सरकारको दायित्व भएकाले यस सम्बन्धमा आगामी दिनमा कानुन निर्माण गरी कार्यान्वयन गर्नुपर्नेमा समेत जोड दिनुभएको थियो।

उक्त कार्यक्रमलाई संबोधन गर्दै प्रदेश नं १ का निवर्तमान सामाजिक विकास मन्त्री राजन राईले




सरकार, गैरसरकारी संस्था तथा निजी क्षेत्रले अपाङ्गता भएका व्यक्तिको रोजगारीका लागि आवश्यक सहयोग गर्नु पर्ने धारणा राख्दै प्रदेश भित्र निर्माण हुने पूर्वाधारहरू सबैलाई पहुँचयुक्त हुनुपर्ने बताउनुभएको थियो।

नेपाल उद्योग वाणिज्य महासङ्घका केन्द्रीय सदस्य राजेन्द्र राउतले महासङ्घमा आबद्ध सदस्यहरूलाई अपाङ्गता भएका व्यक्तिहरूको दक्षता र शैक्षिक योग्यताका आधारमा रोजगारी उपलब्ध गराउन प्राथमिकता दिएको जानकारी गराउनुभएको थियो । करुणा फाउन्डेसन नेपालका सह निर्देशक योगेन्द्र गिरीले प्रदेश नं. १ मा अपाङ्गता समावेशी रोजगार मेलाको पहिलो पटक आयोजना गरी रोजगार दाता र रोजगारीको अवसरको खोजीमा रहेका अपाङ्गता भएका व्यक्तिलाई एकै थलोमा ल्याइएको र यसबाट थुप्रै अपाङ्गता भएका व्यक्तिहरूले अवसर पाउने कुरामा विश्वस्त रहेको बताउनुभएको थियो।

प्रदेश सरकार, स्थानीय तहहरू, करुणा फाउन्डेसन नेपालको आर्थिक साझेदारी तथा राष्ट्रिय अपाङ्ग महासङ्घको प्राविधिक साझेदारीमा प्रदेश नं. १ का ७८ स्थानीय तहहरूमा अपाङ्गता रोकथाम तथा पुनः स्थापना कार्यक्रम सञ्चालनमा रहेको थियो।

१५ पुष २०७९, विराटनगर। अपाङ्ग आवाज संवाददाता।

समाचार

# नेतृत्व विकास सम्बन्धी तालिम सम्पन्न ।




बौद्धिक अपाङ्गताका अभिभावक महासंघ नेपालको आयोजना तथा लेभ इन्क्लुजन डेनमार्कको सहयोगमा सञ्चालित कोपिला परियोजना अन्तर्गत महासंघका सप्तरी र काठमाण्डौं जिल्लाका सदस्य संस्थाका सहभागीहरुलाई नेतृत्व विकास सम्बन्धी तालिम सम्पन्न भएको छ । उक्त तालिममा कुल २४ जना सहभागीहरुको सहभागिता रहेको थियो ।  त्यसै गरी यहि महासंघको आयोजना तथा लेभ इन्क्लुजन डेनमार्कको सहयोगमा नेतृत्व विकास सम्बन्धी तालिम चितवनमा पनि सम्पन्न भएको छ । सो तालिममा १५ महिला सहित २४ जनाको सहभागीको सहभागिता रहेको महासंघका अध्यक्ष राजु बस्नेतले जानकारी दिनुभएको छ ।

त्यस्तै बौद्धिक अपाङ्गताका अभिभावक महासंघ नेपालको आयोजना तथा लेब इनक्लुजन डेनमार्कको आर्थिक सहयोगमा लमजुङको बेशीशहरमा बौद्धिक अपाङ्गता भएका व्यक्तिहरुलाई हेरचाह सम्बन्धी दुई दिने तालिम सम्पन्न भएको छ । लमजुङ जिल्लाका २५ जना अभिभावकहरुको सहभागीतामा सम्पन्न भएको सो तालिममा बौद्धिक अपाङ्गता भएका व्यक्तिहरुलाई कसरी हेरचाह गर्ने भन्ने विषय बारे छलफल भएको महासंघका महासचिव रामनारायण श्रेष्ठले बताउनुभएको छ ।

२९ पुष २०७९। नबराज सोती ।